# सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, नियमावली र निर्देशिकाहरूको संग्रह

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| १. | सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ | १ |
| २. | सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ | ११ |
| ३. | सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ | १८ |
| ४. | सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१ | ४८ |



पुन: प्रकाशन : २०७९ असार

२०७८/०७९

# सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** धूम्रपान तथा सुर्तीसेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सुर्तीसेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८" रहेको छ ।

(२) यो ऐनको दफा ९ प्रमाणीकरण भएको मितिले एक सय असीऔं दिन र अन्य दफाहरु एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,:-

(क) "सुर्तीजन्य पदार्थ" भन्नाले धूम्रपान वा सुर्तीसेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ सम्झनु पर्छ ।

(ख)"धूम्रपान" भन्नाले चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ।

(ग) "सुर्तीसेवन" भन्नाले खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

(घ) "सार्वजनिक स्थल" भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थल सम्झनु पर्छ ।

(ङ) "व्यवस्थापक" भन्नाले सार्वजनिक स्थलको काम कारबाहीको

सम्बन्धमा अन्तिम निर्णय गर्न अधिकारप्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले सार्वजनिक सवारीको हकमा त्यस्तो सवारीको चालक समेतलाई जनाउँछ ।

(च) "उत्पादक" भन्नाले सुर्तीजन्य पदार्थको उत्पादक सम्झनु पर्छ ।

(छ) "निरीक्षक" भन्नाले दफा १२ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा १९ बमोजिम गठित सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## सुर्तीजन्य पदार्थको नियन्त्रण

३. **सार्वजनिक स्थल मानिने:** (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछ :-

(क) राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,

**स्पष्टीकरण :** यस खण्डको प्रयोजनको लागि "कार्यस्थल" भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह,

(झ) रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

(२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्वेदनशीलतालाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ ।

४. **सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नहुने:** (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापकले कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकुल असर नपर्ने गरी धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम धूम्रपान तथा सुर्तीसेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु तोकिए बमोजिम हुनेछन् ।

५. **सूचना टाँस गर्नु पर्ने :** व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ ।

६. **घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुने :** कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न हुँदैन ।

## परिच्छेद-३

## सुर्तीजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण

७. **लेबुल, ट्रेडमार्क, र्‍यापर्स तथा प्याकिङ्ग :** (१) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,

(ख) उत्पादकको नाम, ठेगाना र सुर्तीजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,

(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु ।

(२) उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा नाबालकलाई आकर्षण गर्ने कुनै किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख्न पाउने छैन ।

(३) कसैले पनि अन्य उद्योग तथा उत्पादनको ब्राण्ड तथा ट्रेड नाम राखी सुर्तीजन्य पदार्थ उत्पादन गर्न पाउने छैन ।

(४) कुनै उद्योगले चुरोट, बिँडी वा सिगारको आकारमा कुनै पनि वस्तु उत्पादन गर्न पाउने छैन ।

८. **विवरण पेश गर्नु पर्ने :** (१) उत्पादकले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्नु अघि त्यस्तो पदार्थमा भएको निकोटिनको मात्रा, हानिकारक तत्व लगायत अन्य आवश्यक कुराहरुको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) सुर्तीजन्य पदार्थको उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफूले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

९. **चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्ने :** (१) उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह समय समयमा थप गर्न सक्नेछ ।

(३) आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पुरा नभएको सुर्तीजन्य पदार्थ आयात गर्न पाउने छैन ।

१०. **विज्ञापन तथा प्रायोजन गर्न नपाइने :** उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई-मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

११. **बिक्री वितरण तथा प्रदर्शनमा बन्देज :** (१) कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न

लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सुर्तीजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन ।

(४) कसैले पनि फुटकर रुपमा चुरोट, बिँडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ ।

(५) कसैले पनि निःशुल्क रुपमा सुर्तीजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन ।

(६) नेपाल सरकारले चाहेमा सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न इजाजतपत्र लिनु पर्ने व्यवस्था गर्न सक्नेछ ।

(७) कसैले पनि सुर्तीजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन ।

## परिच्छेद-४

## निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी

**१२. निरीक्षक सम्बन्धी व्यवस्था :** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले वर्षभरिमा आफूद्वारा गरिएको कामको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. निरीक्षण गर्न सक्ने:** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सुर्तीसेवन गर्न रोक लगाउन वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा गर्न सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित उत्पादक वा व्यवस्थापकको कर्तव्य हुनेछ ।

**१४. व्यवस्थापकले निरीक्षण गर्नु पर्ने :** (१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धूम्रपान वा सुर्तीसेवन गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले धूम्रपान वा सुर्तीसेवन गरेको देखिएमा व्यवस्थापकले धूम्रपान वा सुर्तीसेवन गर्न तुरुन्त रोक लगाउनु पर्नेछ ।

(३) कुनै व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरेमा सो स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारीले र सार्वजनिक सवारीका हकमा त्यस्तो सवारीका यात्रीले व्यवस्थापकलाई धूम्रपान वा सुर्तीसेवन गर्नबाट तुरुन्त रोक लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापकले धूम्रपान वा सुर्तीसेवन गरेमा सो थाहा पाउने वा देख्ने व्यक्तिले निरीक्षक समक्ष उजुरी गर्न सक्नेछ ।

**१५. अनुसन्धान तथा तहकिकात :** व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ ।

**१६. मुद्दा दायर गर्ने :** (१) दफा १५ बमोजिम गरिएको अनुसन्धान तथा तहकिकातबाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले त्यसरी

अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पच्चीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा निरीक्षकले सम्बन्धित सरकारी वकीलको राय लिनु पर्नेछ ।

## परिच्छेद-५

## सजाय तथा पुनरावेदन

**१७. सजाय :** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरेमा व्यवस्थापकले देहाय बमोजिम सजाय गर्नु पर्नेछ :-

(क) धूम्रपान वा सुर्तीसेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सुर्तीसेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाँ जरिवाना वा दुवै सजाय गर्नु पर्ने,

(ख) धूम्रपान वा सुर्तीसेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धूम्रपान वा सुर्तीसेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धूम्रपान वा सुर्तीसेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नु पर्ने ।

(२) व्यवस्थापकले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारबाही गर्नु पर्नेछ ।

(३) व्यवस्थापकले उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना वापत लिएको रकम राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापक वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित व्यक्तिलाई देहाय बमोजिम सजाय गर्नु पर्नेछ :-

(क) दफा ५ बमोजिम सूचना टाँस नगरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना,

(ख) दफा ७, ८ र ९ बमोजिमको कुनै काम नगरेमा त्यस्तो सुर्तीजन्य

पदार्थ जफत गरी पचास हजार रुपैयाँसम्म जरिवाना,

(ग) दफा १० विपरीत कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिवाना,

(घ) दफा ११ विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँसम्म जरिवाना,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएदेखि बाहेक यस ऐन विपरीत अन्य कुनै काम गरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना।

**१८. पुनरावेदन :** दफा १७ को उपदफा (५) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-६

## विविध

**१९. समितिको गठन :** (१) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम समेतको लागि देहाय बमोजिमका सदस्यहरु रहेको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति गठन हुनेछ :-

(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -अध्यक्ष

(ख) निर्देशक, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र - उपाध्यक्ष

(ग) क्यान्सर, फोक्सो वा मुटु सम्बन्धी रोगको रोकथाम वा उपचारमा संलग्न सरकारी स्वास्थ्य संस्थाका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना - सदस्य

(घ) धूम्रपान तथा सुर्तीसेवनको नियन्त्रण गर्ने उद्देश्यले स्थापित गैर सरकारी संस्था तथा निजी क्षेत्रको स्वास्थ्य संस्थामा काम गरेका व्यक्तिहरुमध्येबाट एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेको दुईजना - सदस्य

(ङ) सामाजिक क्षेत्रमा काम गरेका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत

गरेको एकजना - सदस्य

(च) कानून अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएका आधारमा मनोनीत सदस्यलाई पदबाट हटाउन सकिनेछ।

(४) समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिलाई आवश्यक लागेमा सम्बन्धित क्षेत्रका विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

२०. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा मन्त्रालय समक्ष सुझाव पेश गर्ने,

(ख) धूम्रपान तथा सुर्तीसेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धूम्रपान तथा सुर्तीसेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारबाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) सुर्तीजन्य पदार्थबाट स्वास्थ्यलाई हानि नोक्सानी पुऱ्याउने विषय पाठ्यपुस्तकमा समावेश गराउन सम्बन्धित निकायसँग समन्वय गर्ने,

(छ) सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनीकरणको लागि आवश्यक काम गर्ने,

(ज) सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री वितरण र उपभोगको नियन्त्रण गर्न तथा सुर्तीजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि आवश्यक स्रोत जुटाई परिचालन गर्ने,

(झ) तोकिए बमोजिमको काम गर्ने गराउने ।

**२१. जफत गरेको सुर्तीजन्य पदार्थ नष्ट गर्नु पर्ने :** (१) मुद्दा हेर्ने अधिकारीले यस ऐन बमोजिम जफत गरेको सुर्तीजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

(२) मुद्दा हेर्ने अधिकारीले उपदफा (१) बमोजिम सुर्तीजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ ।

**२२. स्वास्थ्य कर कोष :** (१) नेपाल सरकारले धूम्रपान तथा सुर्तीजन्य पदार्थको नियन्त्रण तथा यसको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि स्वास्थ्य कर कोषको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा नेपाल सरकारले वार्षिक रुपमा विनियोजन गरेको रकमको अतिरिक्त तोकिए बमोजिमको रकम जम्मा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम विनियोजित रकम अघिल्लो आर्थिक वर्षमा विनियोजन गरिएको रकमभन्दा कम हुने छैन ।

(४) यस दफा बमोजिमको कोषमा जम्मा भएको रकम तोकिए बमोजिम खर्च गरिनेछ ।

**२३. सरकारवादी हुने:** यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुनेछ ।

**२४. संक्षिप्त कार्यविधि अपनाउनु पर्ने :** यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

**२५. मुद्दा हेर्ने अधिकारी :** यस ऐन अन्तर्गतको मुद्दाको शुरु कारबाही र किनारा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले गर्नेछ ।

**२६. सहयोग गर्नु पर्ने :** यस ऐन बमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ । त्यसरी सहयोग माग भएमा आवश्यक सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**२७. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

# सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ सम्झनु पर्छ ।

३. **धूम्रपान तथा सुर्तीसेवन गर्ने ठाऊँमा कायम गर्नु पर्ने कुराहरु :** (१) पर्यटकीय स्तरको होटलको व्यवस्थापकले मानिसको आवत जावत कम हुने र धूम्रपान तथा सुर्तीसेवन नगर्ने व्यक्तिलाई प्रतिकुल असर नपर्ने गरी होटल बाहिरको कुनै एक ठाउँ धूम्रपान तथा सुर्तीसेवन गर्ने प्रयोजनका लागि तोक्न सक्नेछ ।

तर, त्यसरी तोकिएको ठाउँ होटलको झ्याल तथा होटलमा प्रवेश गर्ने ढोका भन्दा टाढा हुनु पर्नेछ र त्यस्तो ठाउँमा धूम्रपान गर्दा उत्सर्जन हुने धुँवा र गन्ध होटलभित्र नपस्ने व्यवस्था गर्नु पर्नेछ ।

**स्पष्टीकरण:** यस नियमको प्रयोजनको लागि "पर्यटकीय स्तरको होटल" भन्नाले पर्यटन ऐन, २०३५ बमोजिम दर्ता भएको होटल सम्झनु पर्छ ।

(२) व्यवस्थापकले ऐनको दफा ४ को उपदफा (३) बमोजिम कारागार र विमानस्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न छुट्याईएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु देहाय बमोजिम हुनेछ :-

(क) आफै बन्द हुने ढोकाको व्यवस्था गरी धूम्रपान तथा सुर्तीसेवन गर्न कोठा निर्माण गर्नु पर्ने,

(ख) धूम्रपानबाट उत्सर्जन हुने धुँवा कोठाबाट सिधै बाहिर जाने व्यवस्था गर्ने,

(ग) एकपटकमा सकभर एकभन्दा बढी व्यक्तिले धूम्रपान तथा सुर्तीसेवन गर्न नमिल्ने गरी कोठाको व्यवस्था गर्ने ।

(३) पर्यटकीय स्तरको होटलले स्थान अभावको कारण उपनियम (१) बमोजिम धूम्रपान तथा सुर्तीसेवनको लागि छुट्टै ठाउँको व्यवस्था गर्न नसकेमा उपनियम (२) बमोजिमको व्यवस्था गरी कुनै खास ठाउँमा धूम्रपान तथा सुर्तीसे

वन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) उपनियम (१) र (२) बमोजिम धूम्रपान तथा सुर्तीसेवन गर्न तोकिएको ठाउँ र बनाइएको कोठामा कुर्सी, टेवल लगायतका कुनै फर्निचर राख्न पाइने छैन ।

(५) व्यवस्थापकले उपनियम (१) र (२) बमोजिम धूम्रपान तथा सुर्तीसेवन गर्न तोकिएको ठाउँ र बनाइएको कोठामा धूम्रपान तथा सुर्तीसेवन स्वास्थ्यको लागि हानिकारक छ भन्ने व्यहोराको सूचना सजिलै देख्न र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ ।

४. **सूचना टाँस गर्ने कार्यविधि :** (१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको विभिन्न ठाउँमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाउने व्यहोराको देहायको आकारको सूचना टाँस गर्नु पर्नेछ :-

(क) भवनको मुख्य प्रवेशद्वारमा कम्तीमा तीस सेन्टिमिटर लम्बाई र बीस सेन्टिमिटर चौडाईको सूचना,

(ख) भवनको भित्र द्वारमा कम्तीमा बीस सेन्टिमिटर लम्बाई र पन्ध्र सेन्टिमिटर चौडाईको सूचना ।

(२) उपनियम (१) बमोजिम टाँसिने सूचनामा धूम्रपान तथा सुर्तीसेवन गर्न छुट्याईएको वा तोकिएको ठाउँ बाहेक अन्यत्र धूम्रपान तथा सुर्तीसेवन गरेमा ऐन बमोजिम सजाय हुने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

५. **प्याकेट तथा र्‍यापर्समा उल्लेख गर्नु पर्ने कुरा :** उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा ऐनको दफा ७ को उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित कुराहरुको अतिरिक्त सुर्तीजन्य पदार्थमा समावेश गरिएका नाइट्रोसोमाईन, बेन्जोपाईरिन, टार, कार्वनमोनोअक्साईड लगायतका रासायनिक तत्वहरु हुने कुरा उल्लेख गर्नु पर्नेछ ।

६. **प्याकेट तथा र्‍यापर्समा उल्लेख गर्न नहुने कुरा :** उत्पादकले सुर्तीजन्य पदार्थको प्याकेट तथा र्‍यापर्समा ऐनको दफा ७ को उपदफा (२), (३) र (४) मा उल्लिखित कुराहरुको अतिरिक्त देहायका कुराहरु अंकित, लेवलिङ्ग र प्रयोग गर्नु हुँदैन :-

(क) सुर्तीजन्य पदार्थको विज्ञापन गर्ने वा प्रवर्द्धन हुने गरी लेबुल वा ट्रेडमार्क चिन्ह अंकित गर्न,

(ख) सुर्तीजन्य पदार्थको प्याकेट वा र्‍यापर्समा उल्लिखित चेतावनीमूलक सन्देश, संकेत, चिन्ह वा चित्रको अपभ्रंस हुने, बिग्रने र छोपिने गरी सुर्तीजन्य पदार्थहरु प्याकेजिङ्ग र लेबलिङ्ग गर्न,

(ग) असत्य, भ्रामक वा कपटपूर्ण सन्देश दिने गरी चित्र वा चिन्ह प्रयोग गर्न ।

७. **प्याकेट वा बट्टाको आकार :** उत्पादकले कम्तीमा बीस खिल्ली अटाउने गरी चुरोट वा बिँडीको प्याकेट वा बट्टा तयार गर्नु पर्नेछ ।

८. **विवरण पेश गर्नु पर्ने :** (१) उत्पादकले ऐनको दफा ८ को उपदफा (१) मा उल्लिखित विवरणको अतिरिक्त सुर्तीजन्य पदार्थ सम्बन्धी देहाय बमोजिमका विवरण मन्त्रालय समक्ष प्रत्येक वर्षको श्रावण मसान्तभित्र पेश गर्नु पर्नेछ :-

(क) टार र कार्बनमोनोअक्साईडको विवरण,

(ख) नाइट्रोसोमाईन, बेन्जोफाईरिनको विवरण,

(ग) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(घ) मूल्य र ब्याच नम्बर,

(ङ) उत्पादन र उपभोगको म्याद सकिने मिति ।

(२) सुर्तीजन्य पदार्थको उत्पादक तथा निकासी र पैठारी गर्ने व्यक्तिले ऐनको दफा ८ को उपदफा (२) बमोजिम आफूले निकासी तथा पैठारी गरेको सुर्तीजन्य पदार्थको देहाय बमोजिमको विवरण प्रत्येक वर्षका श्रावण मसान्त भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ :-

(क) उत्पादन गरेको परिमाण र उत्पादित स्थान,

(ख) निकासी गरेको परिमाण र निकासी स्थान,

(ग) पैठारी गरेको परिमाण र पैठारी स्थान,

(घ) राजस्व बुझाएको विवरण ।

९. **चेतावनीमूलक सन्देश र संकेत चिन्ह थप वा परिवर्तन गर्ने कार्यविधि :** (१) मन्त्रालयले ऐनको दफा ९ बमोजिम तोकिएका चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह एक वर्षभित्र थप गर्न सक्नेछ ।

(२) मन्त्रालयले उपनियम (१) बमोजिम थप वा परिवर्तन गरेका चेतावनीमूलक सन्देश र सङ्केत चिन्ह उद्योग मन्त्रालय मार्फत उत्पादकलाई उपलब्ध गराई सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट र पार्सलमा छाप्न तथा अङ्कित गर्न लगाउनु पर्नेछ ।

१०. **प्रमाण माग गर्न सक्ने :** निरीक्षक वा सुर्तीजन्य पदार्थको बिक्रेताले क्रेताको उमेर यकिन गर्नका लागि निजको नागरिकताको प्रमाणपत्र, जन्मदर्ता प्रमाणपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र, मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र जस्ता उमेर खुल्ने प्रमाण माग गर्न सक्नेछ ।

**११. सूचना पाटी राख्नु पर्ने :** (१) बिक्रेताले आफ्नो बिक्रीकक्षको प्रवेशद्वारमा सजिलै देख्न र पढ्न सक्ने गरी देहाय बमोजिमको विवरण खुलाइएको सूचना पाटी राख्नु पर्नेछ :-

(क) अठार वर्ष उमेर नपुगेका व्यक्तिलाई सुर्तीजन्य पदार्थ नबेचिने र बेच्न नलगाईने,

(ख) गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ नबेचिने र बेच्न नलगाईने ।

(२) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको विभिन्न ठाउँमा धूम्रपान तथा सुर्तीसेवन निषेधित क्षेत्र उल्लेख भएको सूचना टाँस्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको सूचना कम्तीमा तीस सेन्टिमिटर लम्बाई र बीस सेन्टिमिटर चौडाइको हुनु पर्नेछ ।

**१२. सार्वजनिक स्थलमा लाईटर, सलाई राख्न नहुने :** व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवनको लागि प्रयोग हुने एष्ट्रे, लाइटर, सलाई लगायतका सामग्री राख्न हुँदैन ।

**१३. शर्त राखी बिक्री वितरण गर्न नहुने :** कुनै वस्तु खरिद गरेमा सुर्तीजन्य पदार्थ सित्तैमा वा उपहार स्वरुप पाउने शर्त राखी कसैले पनि कुनै वस्तु बिक्री वितरण गर्न वा गराउन हुँदैन ।

**१४. निषेधित ठाउँमा सुर्तीजन्य पदार्थको बिक्री वितरण तथा सेवन गरेको जानकारी दिने :** कसैले ऐनको दफा ११ को उपदफा (३) बमोजिम तोकिएका निषेधित ठाउँमा सुर्तीजन्य पदार्थ बिक्री वितरण वा सुर्तीसेवन गरेको देखेमा सम्बन्धित कर्मचारी वा व्यक्तिले त्यस्तो कार्यमा तुरुन्त रोक लगाई सोको जानकारी व्यवस्थापकलाई दिनु पर्नेछ ।

**१५. निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार :** ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उत्पादकलाई सुर्तीजन्य पदार्थको प्याकेट, बट्टा, र्‍यापर्स र प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र संकेत चिन्ह अनिवार्य रुपमा छाप्न तथा अंकित गर्न लगाई सोको अनुगमन गर्ने,

(ख) सुर्तीजन्य पदार्थ उत्पादन, सञ्चय र बिक्री वितरण हुने स्थानबाट सुर्तीजन्य पदार्थको नमूना लिने,

(ग) ऐन वा यस नियमावली विपरीत सुर्तीजन्य पदार्थको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी भएको पाइएमा त्यस्तो कार्यमा तुरुन्त रोक लगाउने,

(घ) सुर्तीजन्य पदार्थ नमूना परीक्षणको लागि सम्बन्धित निकायमा पठाउने,

(ङ) सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीजन्य पदार्थ सेवन गर्ने व्यक्तिलाई सजायको लागि सम्बन्धित व्यवस्थापकलाई निर्देशन दिने,

(च) ऐन तथा यस नियमावलीले तोकेको मापदण्ड पुरा नभएको सुर्तीजन्य पदार्थ बिक्री वितरण वा निकासी पैठारी भएको पाइएमा त्यस्तो कार्यमा तुरुन्त रोक लगाई सम्बन्धित उत्पादक वा बिक्रेतालाई ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड पुरा गरेका सुर्तीजन्य पदार्थ मात्र बिक्री वितरण वा निकासी पैठारी गर्न निर्देशन दिने,

(छ) निरीक्षणको सिलसिलामा आफ्नो नेतृत्वमा कुनै निकाय वा संस्थाका कर्मचारीलाई संलग्न गराउने,

(ज) निरीक्षणको सिलसिलामा आवश्यकता अनुसार सरकारी कार्यालय, संघ, संस्था वा स्थानीय निकायका कर्मचारी वा पदाधिकारीको सहयोग लिने ।

**१६. मनोनीत सदस्यलाई हटाउने अवस्था :** (१) देहायको अवस्थामा समितिका मनोनीत सदस्यलाई हटाउन सकिनेछ :-

(क) निज विना सूचना लगातार तीन भन्दा बढी बैठकमा अनुपस्थित रहेमा,

(ख) निजले इमान्दारीतापूर्वक आफ्नो जिम्मेवारी पुरा नगरेमा,

(ग) निजमा कार्य क्षमताको अभाव भएमा,

(घ) निजले सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गरेको पाईएमा,

(ङ) निज सुर्तीजन्य पदार्थको उत्पादन, निकासी, पैठारी र बिक्री वितरण सम्बन्धी क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको पाईएमा ।

(२) उपनियम (१) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्न मनासिव मौका दिईनेछ ।

१७. **समितिको अन्य काम, कर्तव्य र अधिकार :** ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कृषकलाई सुर्ती खेती प्रतिस्थापन गरी अन्य खेती गर्ने तर्फ प्रोत्साहित गर्ने नीति निर्धारण गर्न नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(ख) सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय र परामर्श गर्ने,

(ग) स्वास्थ्यकर कोषमा जम्मा भएको रकमको व्यवस्थापन तथा सञ्चालन गर्ने, गराउने,

(घ) समितिको काम कारबाही सुचारु रुपले सञ्चालन गर्न आवश्यकतानुसार उपसमिति गठन गर्ने,

(ङ) ऐन तथा यस नियमावलीमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने, गराउने ।

१८. **स्वास्थ्य करकोषमा रकम जम्मा गरिने :** नेपाल सरकारले आर्थिक ऐनद्वारा लगाएको धूम्रपान तथा सुर्तीजन्य पदार्थको अन्तःशुल्क करबाट उठेको कुल रकमको कम्तीमा पच्चीस प्रतिशत रकम स्वास्थ्य करकोषमा जम्मा गरिनेछ ।

१९. **स्वास्थ्य करकोषको रकम खर्च :** (१) स्वास्थ्य करकोषमा जम्मा भएको रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछ :-

(क) धूम्रपान तथा सुर्तीको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान, उपचार तथा अनुसन्धान गर्न,

(ख) धूम्रपान तथा सुर्तीजन्य पदार्थको नियन्त्रणको लागि स्वास्थ्य शिक्षा, जनचेतनामूलक र सेवामूलक कार्यक्रम सञ्चालन गर्न,

(ग) समितिको सञ्चालन खर्च ।

(२) उपनियम (१) बमोजिमका कार्य गर्नको लागि स्वास्थ्यकर कोषको रकमलाई देहाय बमोजिम बाँडफाँड गरिनेछ :-

(क) धूम्रपान तथा सुर्तीजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको निदान, उपचार तथा अनुसन्धान गर्नको लागि सरकारी

स्वामित्वका अस्पतालहरुलाई पचहत्तर प्रतिशत रकम,

(ख) धूम्रपान तथा सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य शिक्षा, जनचेतनामूलक र सेवामूलक कार्यक्रम संचालन गर्न मन्त्रालय अन्तर्गतका केन्द्र वा महाशाखाहरुलाई पन्ध्र प्रतिशत रकम,

(ग) धूम्रपान तथा सुर्तीजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि सामाजिक संस्था वा गैरसरकारी अस्पताललाई दश प्रतिशत रकम ।

(३) उपनियम (२) को खण्ड (ख) मा उल्लिखित रकम मध्येबाट ०.५ (शून्य दशमलव पाँच) प्रतिशत रकममा नबढाई समितिले तोके बमोजिमको रकम समितिको प्रशासनिक कार्यको लागि खर्च गर्न सकिनेछ ।

२०. **स्वास्थ्य करकोषको व्यवस्थापन र सञ्चालन :** (१) स्वास्थ्य करकोषमा जम्मा भएको रकम समितिले तोकेको नेपाल भित्रको “क” वर्गको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(२) कोषको खाताको सञ्चालन समितिको सदस्य सचिव र लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

२१. **लेखा परीक्षण :** स्वास्थ्य करकोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

२२. **अधिकार प्रत्यायोजन :** समितिले ऐन वा यस नियमावली बमोजिम आफूलाई प्राप्त भएको अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य, यस नियमावली बमोजिम गठित उप-समिति वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. **निर्देशिका बनाउन सक्ने :** मन्त्रालयले ऐन तथा यस नियमावलीको अधीनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

२४. **खारेजी र बचाउ :** (१) स्वास्थ्यकर (धूम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१ खारेज गरिएको छ ।

(२) स्वास्थ्यकर (धूम्रपान तथा मदिरा दस्तुर) कोष नियमावली, २०५१ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

# सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देहायका निर्देशिकाहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटि तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका मिति २०७२ साल जेष्ठ १ गते देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "ऐन" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमा गर्ने) ऐन, २०६८ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ सम्झनुपर्छ ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्छ ।

(घ) "सुर्तीजन्य पदार्थ" भन्नाले ऐनको दफा २(क) बमोजिमको सुर्तीजन्य पदार्थ सम्झनु पर्छ ।

(ङ) "उत्पादक" भन्नाले ऐनको दफा (२) को खण्ड (च) बमोजिमको उत्पादकलाई सम्झनु पर्छ र सो शब्दले उत्पादक संघ समेतलाई जनाउँछ ।

(च) "लेबल" भन्नाले सुर्तीजन्य पदार्थको प्याकेटमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको चिन्ह, तस्विर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(छ) "घातक रंगिन चित्र" भन्नाले निर्देशिकाको दफा ४, ५, ६ र ७ मा उल्लेख भए अनुसारको घातक रंगिन चित्र सम्झनु पर्छ ।

(ज) "चेतावनीमूलक सन्देश" भन्नाले निर्देशिकाको दफा ४, ५, ६ र ७ मा उल्लेख भए अनुसारको चेतावनीमूलक सन्देश सम्झनु पर्छ ।

**३. चेतावनीमूलक सन्देश र घातक रंगिन चित्र छाप्नु तथा अंकित गनुपर्ने :**

(१) ऐनको दफा ९ को उपदफा (१) र नियमावलीको नियम ९ को उपनियम (१) बमोजिम उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको

प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भाग मध्ये कम्तिमा नब्बे प्रतिशत भागमा सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानीकारक छ भन्ने लगायतका चेतावनीमूलक सन्देश र सुर्तीजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रंगिन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश चुरोट, बिँडि, खैनी, सुर्ती र गुट्खा जस्ता सुर्तीजन्य पदार्थको भित्री र बाहिरी प्रत्येक बट्टा, प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

## ४. चुरोटको बट्टा, प्याकेट र र्‍यापर्समा चेतावनीमूलक सन्देश र चित्र छाप्नु पर्ने :

(१) दफा ३ बमोजिम उत्पादकले चुरोट बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ :

| **चित्र नं.** | **चित्र** | | **सन्देश** | |
|---|---|---|---|---|
| | **चित्र** | **चित्र राख्ने भाग** | **सन्देश** | **सन्देश राख्ने भाग** |
| क |  | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले फोक्सोको क्यान्सर हुन्छ । | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ख |  | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले मस्तिष्कघात हुन्छ | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |

| | | | | |
|---|---|---|---|---|
| ग |  | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | तपाईले गरेको धूम्रपान तथा सुर्तीसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन्छ | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |
| घ |  | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | सुर्तीजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ङ |  | चुरोटको बट्टा प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | सुर्तीजन्य पदार्थ सेवनले मुखको क्यान्सर हुन्छ | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक व्याचमा चुरोटको कुल जम्मा बट्टा, प्याकेट र र्‍यापर्स मध्येमा उपदफा (१) बमोजिमका पाँच वटा घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश चुरोटको बट्टा, प्याकेट र र्‍यापर्समा बीस बीस प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(३) चुरोटको बट्टा, प्याकेट, र्‍यापर्सको सहायक माथिल्लो भाग (side pack-upper part) मा "सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धूम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack-rignt part) मा "धूम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन्, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धूम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची १ मा तोकिए बमोजिम हुनेछ ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ ।

(८) सन्देश लेखिने पृष्ठभूमीको रंग रातो हुनेछ ।

(८) अक्षरमा रंगको मात्रा निलो (C) =0%, रातो (M)=0% पहेलो (Y)=0% कालो (K)=0% हुनेछ र चेतावनीमूलक सन्देश तथा घातक रंगिन चित्र रहने पृष्ठभूमीमा रंगको मात्रा (C) =१५%, रातो (M)=१००%, पहेलो (Y)=१००%, कालो (K)=0% हुनेछ ।

(९) घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश सहित चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा अनुसूचि १ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराइएको चित्रको गुणस्तर सरह हुनेछ ।

## ५. बिँडीको बट्टा, प्याकेट र र्‍यापर्समा चेतावनीमूलक सन्देश र घातक रंगिन चित्र छाप्नु पर्ने :

(१) दफा ३ बमोजिम उत्पादकले बिँडीको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

| चित्र नं. | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | बिँडीको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले फोक्सोको क्यान्सर हुन्छ | बिँडीको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ख |  | बिँडीको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | तपाईंले गरेको धूम्रपान तथा सुर्तीसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन्छ | बिँडीको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा बिँडीको कुल जम्मा बट्टा, प्याकेट र र्‍यापर्स मध्येमा उपदफा (१) बमोजिमका दुई वटा घातक रंगिन

चित्र र चेतावनीमूलक सन्देश बिँडीको बट्टा, प्याकेट र र्‍यापर्समा पचास पचास प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(३) आयातकार (rectangle) बिँडीको बट्टा, प्याकेट र र्‍यापर्सको लागि मात्र सहायक माथिल्लो भाग (side pack-upper part) मा "सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धूम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack-rignt part) मा "धूम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरका कारक तत्वहरु हुन्छन्, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धूम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसुची २ मा तोकिए बमोजिम हुनेछ ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ ।

(७) सन्देश लेखिने पृष्ठभूमिको रंग रातो हुनेछ ।

(८) अक्षरमा रंगको मात्रा निलो (C)=०%, रातो (M)=०%, पहेलो (Y)=०%, कालो (K)=०% हुनेछ र चेतावनीमूलक सन्देश तथा चित्र रहने पृष्ठभूमीको रंगको मात्रा निलो (C) =१५%, रातो (M)=१००%, पहेलो (Y)=१००%, कालो (K)=०% हुनेछ ।

(९) घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश सहित बिँडीको बट्टा, प्याकेट, र र्‍यापर्सको ढाँचा अनुसूचि २ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराइएको चित्रको गुणस्तर सरह हुनेछ ।

६. **खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्समा चेतावनीमूलक सन्देश र घातक रंगिन चित्र छाप्नु पर्ने :** (१) दफा ३ बमोजिम उत्पादकले खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय

बमोजिमको घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

| चित्र नं. | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थका बट्टा,प्याकेट र न्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये बीचको ५० प्रतिशत भागमा | सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, यसको सेवनले ज्यान लिन्छ | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थका बट्टा, प्याकेट र न्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये चित्र भन्दा मथिल्लो २० प्रतिशत भागमा |
| | | | सुर्तीजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सुर्तीसेवन गर्न छोडौं | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र न्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये चित्र भन्दा मुनिको २० प्रतिशत भागमा |

| | | | | |
|---|---|---|---|---|
| ख |  | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ६० प्रतिशत भागमा | सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, यसको सेवनले ज्यान लिन्छ | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये चित्र भन्दा माथिल्लो १५ प्रतिशत भागमा |
| | | | सुर्तीजन्य पदार्थ सेवनले मुखको क्यान्सर हुन्छ, खैनी सुर्तीसेवन गर्न छोडौं | खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थका बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये चित्र भन्दा मुनिको १५ प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको कुल जम्मा बट्टा, प्याकेट र र्‍यापर्स मध्येमा उपदफा (१) बमोजिमका दुई वटा घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्समा पचास पचास प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम घातक रंगिन चित्र र चेतावनीमूलक सन्देशको अतिरिक्त गोलाकार टीनको बट्टामा प्याकेजिङ्ग हुने खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टाको बिर्कोको सहायक माथिल्लो पुरै भागमा (whole side pack-upper part of cap of box) मा "खैनी सुर्तीसेवनले मुखमा क्यान्सर हुन्छ, खैनी सुर्तीसेवन गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश समेत छाप्नु पर्नेछ ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची ३ मा तोकिए बमोजिम हुनेछ ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ ।

(७) सन्देश लेखिने पृष्ठभूमीको रंग रातो हुनेछ ।

(८) अक्षरमा रंगको मात्रा निलो (C) =०% रातो (M)=०% पहेलो (Y)=०% कालो (K)=०% हुनेछ र चेतावनीमूलक सन्देश तथा घातक रंगिन चित्र रहने पृष्ठभूमीको रंगको मात्रा निलो (C) =१५%, रातो (M)=१००%, पहेलो (Y)=१००% ,कालो (K)=०% हुनेछ ।

(९) घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश सहित खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा अनुसूचि ३ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराइएको चित्रको गुणस्तर सरह हुनेछ ।

## ७. सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गमा छापिने सन्देश र चित्र :

(१) दफा ३ बमोजिम उत्पादकले चुरोट, बिँडी, खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ :-

| चित्र नं. | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले फोक्सोको क्यान्सर हुन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |

| | | | | |
|---|---|---|---|---|
| ख |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | धूम्रपान तथा सुर्तीसेवनले मस्तिष्कघात हुन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ग |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | तपाईंले गरेको धूम्रपान तथा सुर्तीसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |
| घ |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | सुर्तीजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ङ |  | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये ७० प्रतिशत भागमा | सुर्तीजन्य पदार्थ सेवनले मुखको क्यान्सर हुन्छ | सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principal area-front & back) मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा सुर्तीजन्य पदार्थको कुल जम्मा पेटी, पार्सल र प्याकेजिङ्ग मध्येमा उपदफा (१) बमोजिमका पाँच वटा घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश सुर्तीजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गमा बीस बीस प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(३) सुर्तीजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको सहायक माथिल्लो भाग (side pack-upper part) मा "सुर्तीजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धूम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश सहायक दायाँ भाग (side pack-right part) मा "धूम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन्, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धूम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धूम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची ४ मा तोकिए बमोजिम हुनेछ ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ ।

(७) सन्देश लेखिने पृष्ठभूमीको रंग रातो हुनेछ ।

(८) अक्षरमा रंगको मात्रा निलो (C)=०%, रातो (M)=०%, पहेलो (Y)=०%, कालो (K)=०%, हुनेछ र चेतावनीमूलक सन्देश तथा चित्र रहने पृष्ठभूमीको रंगको मात्रा निलो (C) =१५%, रातो (M)= १००%, पहेलो (Y)= १००%, कालो (K)= ०% हुनेछ ।

(९) घातक रंगिन चित्र र चेतावनीमूलक सन्देश सहित चुरोटको बट्टा, प्याकेट, र र्‍यापर्सको ढाँचा अनुसूचि ४ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराइएको चित्रको गुणस्तर सरह हुनेछ । **स्पष्टीकरण :** निर्देशिकाको दफा ४, ५, ६ र ७ को प्रयोजनको लागि CMYK भन्नाले क्रमशः Cyan (Blue), Magenta (Red), Yellow (Yellow), and key (Black) सम्झनु पर्छ ।

८. **फराकिलो भागलाई मुख्य माथिल्लो भागमा मानिने :** सोली आकारको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको हकमा ठूलो वा फराकिलो भागलाई

मुख्य माथिल्लो भागमा मानि चेतावनीमूलक सन्देश र चित्रहरु छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

९. **सन्देशको भाषा :** सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छापिने भाषा नेपाली हुनेछ ।

१०. **सन्देश र चित्रको आकार वृद्धि हुने :** उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको आकारमा वृद्धि हुँदा चेतावनीमूलक सन्देश र चित्रहरुको आकार पनि सुर्तीजन्य पदार्थहरुको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी र पार्सलको प्याकेजिङ्ग र लेबलिङ्ग वृद्धिको अनुपातमा वृद्धि गर्नु पर्नेछ ।

११. **सन्देश र चित्र स्पष्ट देखिने गरी प्याकेजिङ्ग र लेबलिङ्ग गर्नु पर्ने :** उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छपाई गर्नु पर्ने चेतावनीमूलक सन्देश र चित्रको अपभ्रंस नहुने, नबिग्रने र नछोपिने गरी सुर्तीजन्य पदार्थहरु प्याकेजिङ्ग र लेबलिङ्ग गर्नु पर्नेछ ।

१२ **सुर्तीजन्य पदार्थको प्रवर्द्धन हुनेगरी प्याकेजिङ्ग वा लेबल गर्न नपाइने :** उत्पादक लगायत कसैले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सुर्तीजन्य पदार्थको प्रवर्द्धन हुने गरि कुनै सन्देश, सामाग्री, रंग, चित्र आदि राखेर प्याकेजिङ्ग वा लेबल गर्न पाईने छैन् ।

१३. **सुर्तीजन्य पदार्थको बारेमा असत्य कुराहरु राखि प्याकेजिङ्ग वा लेबल गर्न नपाईने :** उत्पादक लगायत कसैले पनि स्वास्थ्य वा स्वास्थ्य जोखिम वा सुर्तीजन्य पदार्थको बारेमा असत्य, भ्रामक वा कपटपूर्ण सन्देश फैलाउन सक्ने "हल्का, अति हल्का, मध्यम, कम टार, सुरक्षित, पातलो" जस्ता कुनै पनि शब्द वा यस्तै अर्थ लाग्ने चित्र वा चिन्ह कुनै पनि सुर्तीजन्य पदार्थको प्याकेजिङ्ग वा लेबलमा राख्न पाइनेछैन ।

१४ **बिक्री, वितरण र खरिद गर्न नपाउने :** कसैले पनि ऐनको दफा ९ को उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश र घातक रंगिन चित्र नभएका सुर्तीजन्य पदार्थहरु मिति २०६८ साल कार्तिक १८ गतेदेखि उत्पादन, बिक्री, वितरण र खरिद गर्न पाउने छैन ।

१५. **खारेज र बचाऊ :** (१) सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची १
## (दफा ४ सँग सम्बन्धित)

चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा

दफा ४ (१) को (क) सँग सम्बन्धित







**Color Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area -front & back:** Preeti font, Size 20pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ४ (१) को (ख) सँग सम्बन्धित







**Color Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area -front & back:** Preeti font, Size 20pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ४ (१) को (ग) सँग सम्बन्धित







| **Color Percentage** | | **Font** |
|---|---|---|
| ☐ | **Text Color**<br>C=0%, M=0%, Y=0%, K=0% | **Principal area -front & back:** Preeti font, Size 14pt.<br>**Side pack-upper part:** Preeti font, Size 12pt.<br>**Side pack-left & right:** Preeti font, Size 12pt. |
| ■ (red) | **Background Color**<br>C=15%, M=100%, Y=100%, K=0% | **Picture Color** C M Y CM MY CY CMY K |

## दफा ४ (१) को (घ) सँग सम्बन्धित







**Color Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area -front & back:** Preeti font, Size 18pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

# दफा ४ (१) को (ङ) सँग सम्बन्धित







**Color Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area -front & back:** Preeti font, Size 18pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

# अनुसूची २
## (दफा ५ सँग सम्बन्धित)
## चेतावनीमूलक चित्र र सन्देश सहित बिंडीको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा
## दफा ४ (१) को (क) सँग सम्बन्धित







**Color Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area, upper -front & back::** Preeti font, Size 14pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ५ (१) को (ख) सँग सम्बन्धित







**Color Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area, upper -front & back:**: Preeti font, Size 14pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ५ (१) को (क) र दफा ५ (३) सँग सम्बन्धित







| **Color Percentage** | | **Font** |
|---|---|---|
| | **Text Color**<br>C=0%, M=0%, Y=0%, K=0% | **Principal area -front & back:** Preeti font, Size 20pt.<br>**Side pack-upper part:** Preeti font, Size 12pt.<br>**Side pack-left & right:** Preeti font, Size 12pt. |
| | **Background Color**<br>C=15%, M=100%, Y=100%, K=0% | **Picture Color** C M Y CM MY CY CMY K |

# दफा ५ (१) को (ख) र दफा ५ (३) सँग सम्बन्धित







**Color Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area -front & back:** Preeti font, Size 14pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

# अनुसूची ३
## (दफा ६ सँग सम्बन्धित)
## चेतावनीमूलक चित्र र सन्देश सहित खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको ढाँचा
### दफा ६ (१) को (क) सँग सम्बन्धित







**Color Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area, upper -front & back:** Preeti font, Size 18pt.
**Principal area, lower -front & back:** Preeti font, Size 18pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ६ (१) को (ख) सँग सम्बन्धित

Surti or Khaini Package Design






**Color Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area, upper -front & back:** Preeti font, Size 18pt.
**Principal area, lower -front & back:** Preeti font, Size 18pt.

**Picture Color** C M Y CM MY CY CMY K

# दफा ६ (१) को (क) र दफा ६ (३) सँग सम्बन्धित

Khaini Circle Box Design









**Color Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area, upper -front & back:** Preeti font, Size 18pt.
**Principal area, lower -front & back:** Preeti font, Size 18pt.

**Circle Design:**
**Whole side pack-upper part of cap of box:** Preeti font, Size 18pt.

**Picture Color** C M Y CM MY CY CMY K

# दफा ६ (१) को (ख) र दफा ६ (३) सँग सम्बन्धित










**Color Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principal area, upper -front & back:** Preeti font, Size 18pt.
**Principal area, lower -front & back:** Preeti font, Size 18pt.

**Circle Design:**
**Whole side pack-upper part of cap of box:** Preeti font, Size 18pt.

**Picture Color** C M Y CM MY CY CMY K

## अनुसूची ४
## (दफा ७ सँग सम्बन्धित)
## चेतावनीमूलक चित्र र सन्देश सहित सुर्तीजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, र्‍यापर्सको ढाँचा
### दफा ७ (१) को (क) सँग सम्बन्धित




**Color Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**
**Principal area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ७ (१) को (ख) सँग सम्बन्धित




**Color Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**
**Principal area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ७ (१) को (ग) सँग सम्बन्धित




**Color Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**
**Principal area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ७ (१) को (घ) सँग सम्बन्धित




**Color Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**
**Principal area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

## दफा ७ (१) को (ङ) सँग सम्बन्धित




**Color Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**
**Principal area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

# सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१

**प्रस्तावना :** धूम्रपान तथा सुर्तीसेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएकोले सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनिकरण, नियन्त्रण तथा नियमन गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न विश्व स्वास्थ्य संगठन सुर्ती नियन्त्रण संरचना महासन्धी (WHO Framework Convetion on Tobacco Control-WHOFCTC), सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ र यस सम्बन्धी नियमावलीको मर्म अनुरुप सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन र अनुगमन कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन वान्छनीय भएकोले, सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने नियमावली, २०६८ को नियम २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ) ऐन, २०६८ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ) नियमावली, २०६८ सम्झनु पर्छ ।

(ग) "निर्देशिका" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ) ऐन, २०६८ को दफा ९ र सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ) नियमावली, २०६८ को नियम २३ बमोजिम जारी भएका निर्देशिकाहरु सम्झनु पर्छ ।

(घ) "निरीक्षक" भन्नाले नेपाल सरकारले ऐनको दफा १२ बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "स्थानीय निकाय" भन्नाले जिल्ला विकास समिति, महानगरपालिका,

उपमहानगरपालिका, नगरपालिका र गाँउ विकास समिति सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(छ) "प्रहरी" भन्नाले प्रहरी ऐन २०१२ वा सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ । सो शब्दले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका प्रहरी समेतलाई जनाउने छ ।

(ज) "उत्पादक लगायत" भन्नाले सुर्तीजन्य पदार्थको उत्पादक, उद्योग, कम्पनी, कारखाना, व्यवसायी, निकासी पैठारीकर्ता, बिक्रीवितरक सम्झनु पर्छ र सो शब्दले सुर्तीखेती गर्ने कृषक समेतलाई जनाउँछ ।

(झ) "उत्पादन" भन्नाले सुर्तीजन्य पदार्थहरुको उत्पादन सम्झनु पर्छ ।

(ञ) "सुर्ती उद्योग हस्तक्षेप" भन्नाले उत्पादक लगायतले सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न नेपाल सरकारबाट जारी भएका नीति र प्रचलित नेपाल कानून प्रतिकुल हुने गरी गरेका काम कारबाही वा गतिविधि सम्झनु पर्दछ ।

(ट) "सुर्ती उद्योग" भन्नाले सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उत्पादक, उद्योग, कम्पनी, कारखाना, व्यवसायी, निकासी, पैठारीकर्ता, बिक्रीवितरक, सुर्ती खेति गर्ने कृषक समेत सम्झनु पर्छ ।

(ठ) "सार्वजनिक निकाय पदाधिकारी" भन्नाले सरकारी, अर्धसरकारी र सार्वजनिक संस्थान वा निकायका कर्मचारी, संवैधानिक निकायका पदाधिकारी, सार्वजनिक पदधारण गरेका पदाधिकारी वा कर्मचारी सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारको स्वीकृतिमा सञ्चालन हुने कुनै पनि गैरसरकारी, पेशागत र निजी संघसंस्थाका पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँछ ।

(ड) "संस्थागत सामाजिक उत्तरदायित्व" भन्नाले उत्पादक लगायतले सामाजिक, आर्थिक र निजी क्षेत्रमा प्रवाह गर्ने आर्थिक, प्राविधिक, भौतिक र संरचनागत सहयोग सम्झनु पर्छ ।

(ढ) "अन्तरक्रिया" भन्नाले उत्पादक लगायतले सुर्तीजन्य पदार्थको बारेमा सञ्चालन गर्ने बैठक, गोष्ठी, कार्यशाला र यस्ता कार्यक्रममा गरिने प्रदर्शन, छलफल, प्रवचन, भाषण, प्रस्तुती र अभिव्यक्ति समेत सम्झनु पर्छ ।

(ण) "विवरण" भन्नाले सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ) नियमवाली,

२०६८ को दफा (ड) मा उल्लेखित विवरण सम्झनु पर्छ ।

(त) "प्रवर्द्धन वा विज्ञापन" भन्नाले सुर्तीजन्य पदार्थको उत्पादन, आयात, विक्रीवितरण तथा सेवन कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रवर्द्धन एवं विज्ञापन हुने गरी कुनै पनि व्यापारिक सूचना, सन्देश वा जानकारी, मूल्य सूची, चित्र वा चिन्ह, लोगो, ब्रान्ड कुनै पनि सञ्चार माध्यम वा तरिकाबाट प्रकाशन, प्रसारण, प्रदर्शन र वितरण गर्ने कार्य सम्झनु पर्छ ।

(थ) "प्रायोजन" भन्नाले सुर्तीजन्य पदार्थको उत्पादन, आयात, बिक्रीवितरण तथा सेवन कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रवर्द्धन एवं विज्ञापन हुने गरी कुनै गतिविधि, क्रियाकलाप वा कार्यक्रम सञ्चालक गर्नु वा व्यक्तिगत रुपबाट त्यस्तो गतिविधिलाई सकारात्मक योगदान पुऱ्याउने कार्य सम्झनु पर्छ ।

(द) "सुर्तीजन्य पदार्थ नियन्त्रण" भन्नाले सुर्तीजन्य पदार्थको उत्पादन, माग आपूर्तिमा कमी ल्याउने र यसबाट मानव स्वास्थ्यमा पर्ने नकारात्मक असर एवं हानि न्यूनिकरण तथा नियन्त्रण कार्य सम्झनु पर्छ ।

(ध) "दोश्रो व्यक्तिले गरेको धूम्रपान" भन्नाले सल्किरहेको चुरोट वा अन्य सुर्तीजन्य पदार्थबाट उत्सर्जन भएको धुँवा धूम्रपान गरेको व्यक्तिले फ्याक्ने धुँवासँग मिसिएर आउने अवस्थालाई सम्झनु पर्छ ।

(न) "शतप्रतिशत धूम्रपान रहित वातावरण" भन्नाले कुनै स्थान वा कोठा वा क्षेत्रमा सुर्तीजन्य पदार्थको उत्पादन, निकासी, पैठारी, बिक्रीवितरण, विज्ञापन, प्रवर्द्धन, प्रायोजन र सेवन गर्न पूर्ण रुपले निषेध गरिएको अवस्था सम्झनु पर्छ ।

(प) "सार्वजनिक स्थल" भन्नाले ऐनको दफा ३ बमोजिमको सार्वजनिक स्थल सम्झनु पर्छ । सो शब्दले साझा वा सामूहिक गतिविधि सञ्चालनको लागि सर्वसाधारण जनताको पहुँच भएको सरकारी, गैरसरकारी, निजी वा व्यक्तिद्वारा निर्माण गरिएको सुविधायुक्त स्थल समेतलाई जनाउँछ ।

(फ) "भित्री वा बन्द स्थल" भन्नाले जुनसुकै पदार्थद्वारा बनाइएको स्थायी वा अस्थायी संरचनायुक्त छाना भएको वा एक वा सो भन्दा बढी पर्खाल वा किनाराद्वारा घेरिएको स्थल सम्झनु पर्छ ।

(ब) “कार्यस्थल” भन्नाले तलब लिएर वा स्वेच्छिक रुपमा काम गर्ने व्यक्तिले कार्य सम्पादन गर्दा प्रयोग गर्ने खुला वा घेरिएको स्थिर वा अस्थिर कुनै कोठा वा ठाउँ सम्झनु पर्छ र सो शब्दले कर्मचारीले काम गर्ने स्थलको अलावा सामान्यतया काम गर्ने ठाउँसँग जोडिएका वा सम्बद्ध कोठासम्म पुग्ने बाटो, लिफ्ट, भऱ्याङ, प्रतीक्षाकक्ष, चमेनागृह, शौचालय, भान्छाघर तथा भवन भन्दा पर रहेका सवारी साधन राख्ने टहरो वा छाप्रो समेतलाई जनाउनेछ ।

(भ) “सार्वजनिक सवारीका साधन” भन्नाले सर्वसाधरणले उपयोग गर्ने भूमि, हवाई तथा सामुद्रिक यातायातका साधन सम्झनु पर्छ र सो शब्दले व्यापारिक प्रयोजन वा आयआर्जन गर्ने उद्देश्यले आम नागरिकलाई ओसापसार गर्ने सवारी साधन समेत जनाउनेछ ।

## परिच्छेद-२

## निरीक्षकको कामकारबाही व्यवस्थित र प्रभावकारी बनाउने

**३. व्यवस्थापकको कामकारबाही निरीक्षण र अनुगमन गर्ने :** (१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा देहाय बमोजिमका काम कारबाही गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षकले निरीक्षण गर्नु र आवश्यक निर्देशन दिनु पर्नेछ ।

(क) ऐनको दफा ३ बमोजिमको सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन कार्य बन्द गरिएको वा नगरिएको,

(ख) ऐनको दफा ५, नियमावलीको नियम ४ र नियम ११ बमोजिम सबैले देख्न र पढ्न सक्ने गरी सार्वजनिक स्थलको विभिन्न ठाउँमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाउने व्यहोराको सूचना टाँस गरे वा नगरेको,

(ग) कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कुनै खास ठाउँमा मात्र अन्य व्यक्तिलाई प्रतिकुल असर नपर्ने गरि धूम्रपान वा सुर्तीसेवन गर्ने सम्बन्धमा ऐनको दफा ४ र नियमावलीको नियम ३ बमोजिमको आवश्यक व्यवस्था मिलाइएको वा नमिलाइएको,

(घ) शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय जस्ता सार्वजनिक स्थलको परिसरबाट कम्तीमा

एकसय मिटर दूरिभित्रको घर, पसल वरिपरिबाट सुर्तीजन्य पदार्थ बिक्रि वितरण भए वा नभएको,

(ङ) अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न, ओसार पसार गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउने कार्यहरु भएको वा नभएको,

(च) निःशुल्क रुपमा सुर्तीजन्य पदार्थ वितरण गर्ने वा उपहार दिने कार्य भए वा नभएको ,

(छ) सुर्तीजन्य पदार्थ प्रति आकर्षण हुने बिक्री स्थल सजावट गर्ने वा त्यस्तो पदार्थको प्रदर्शन गरिएको वा नगरिएको,

(ज) ऐनको दफा १७ को उपदफा (२) बमोजिम जरिवाना वापत लिएको रकम अशुल गरि म.ले.प. फारम नम्बर ११ को रसिद भरी दिने गरेको वा नगरेको,

(झ) ऐनको दफा १७ को उपदफा (२) बमोजिम जरिवाना वापत लिएको रकम राजस्व खातामा जम्मा गरेको वा नगरेको,

(ञ) सम्बन्धीत निर्देशिका कार्यान्वयन भए नभएको ।

(२) निरीक्षकले सार्वजनिक स्थलका व्यवस्थापकहरुलाई ऐन र यस सम्बन्धी नियम र निर्देशिकाको कार्यान्वयन गर्न र कार्यान्वयनका सन्दर्भमा देखिएका चुनौतिबारे समय समयमा निर्देशन दिन सक्नेछ ।

(३) निरीक्षकले निरीक्षणको क्रममा व्यवस्थापकलाई दिएका निर्देशनको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ र व्यवस्थापकलाई दिइएका निर्देशन बमोजिम भए गरेको प्रगति विवरण पेश गर्न व्यवस्थापकलाई निर्देशन दिनेछ ।

(४) उपदफा (२) बमोजिमको निर्देशन दिनका लागि निरीक्षकले सार्वजनिक स्थलका व्यवस्थापकहरुलाई लक्षित गरी बैठक वा गोष्ठी वा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न सक्नेछ ।

४. **लेबुल, ट्रेडमार्क, र्‍यापर्स र प्याकेजिङ्गको निरीक्षण गर्ने :** (१) उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स र प्याकेटमा ऐनको दफा ७ बमोजिमको विवरण उल्लेख गरेको वा पालना भएको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नु पर्नेछ ।

(२) उत्पादकले नियमावलीको नियम ७ बमोजिम चुरोट वा बिँडीको बट्टा, ऱ्यापर्स र प्याकेट तयार गरेको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नु पर्नेछ ।

(३) सुर्तीजन्य पदार्थको बट्टा, ऱ्यापर्स र प्याकेटमा सुर्तीजन्य पदार्थ प्रवर्द्धन वा विज्ञापन हुने खालका सन्देश वा चित्र वा चिन्ह राखे वा नराखेको र उत्पादन भएका मिति उल्लेख भए नभएको समेत निरीक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निरीक्षण गर्दा ऐनको दफा ७ को उपदफा (१) बमोजिमको विवरण उल्लेख नगरेको वा ऐनको दफा ७ को उपदफा (२), (३) र (४) विपरीत काम कारबाही भएको पाइएमा निरीक्षकले तत्काल त्यस्तो कार्य गर्न रोक्न निर्देशन दिनु पर्नेछ र प्रचलित कानून अनुसार आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ ।

**५. चेतावनीमूलक सन्देश तथा चित्र छाप्ने तथा अंकित गर्ने सम्बन्धी व्यवस्था :**

(१) उत्पादकले ऐनको दफा ९ तथा यस सम्बन्धी नियमावली र निर्देशिका बमोजिम सुर्तीजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख भए नभएको सम्बन्धमा निरीक्षकले समय समयमा देहाय बमोजिमका निरीक्षण कार्य गर्नु पर्नेछ ।

(क) सुर्तीजन्य पदार्थ सम्बन्धी उद्योग तथा कलकारखाना भएको जिल्लाको हकमा निरीक्षकले त्यस्ता उद्योग तथा कलकारखानाको स्थलगत निरीक्षण गरी ऐन, नियमावली तथा निर्देशिकाको पालना भए नभएको सम्बन्धमा निरीक्षण गरि पालना नभएको पाएमा तत्काल पालना गर्ने निर्देशन दिने,

(ख) उत्पादकले सुर्तीजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश तथा चित्र छपाई गर्ने र प्याकेजिङ्ग गर्ने गरेको वा नगरेको,

(ग) सुर्तीजन्य पदार्थका खुद्रा र थोक बिक्रेताको स्टोर र बिक्री वितरण स्थल निरीक्षण गरी चेतावनीमूलक सन्देश तथा चित्र छपिएका सुर्तीजन्य पदार्थ बिक्री वितरण भएको वा नभएको यकिन गर्ने ।

(घ) सुर्तीजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सल प्याकेजिङ्गमा

आन्तरिक राजस्व कार्यालयको स्टिकर टाँस भएको वा नभएको तथा सो स्टिकरले चेतावनीमूलक सन्देश तथा चित्र छापेको छ वा छैन्,

(ङ) सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्गमा ऐन र यस सम्बन्धी नियमावली तथा निर्देशिका बमोजिम चेतावनीमूलक सन्देश तथा चित्र छापिएको वा नछापिएको,

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा ऐनको दफा ९ र नियमावली तथा निर्देशिकाको प्रतिकुल भएको पाइएमा तत्काल कारबाही अगाडि बढाउने र तत्सम्बन्धी जानकारी मन्त्रालयलाई समेत दिनु पर्नेछ ।

(३) आयातकर्ताले ऐनको दफा ९ को उपदफा (१) बमोजिम मापदण्ड पुरा भएका सुर्तीजन्य पदार्थ आयात गरेको छ वा छैन भन्ने सम्बन्धमा कडाईका साथ छानबिन गर्न निरीक्षकले सम्बन्धित निकायका पदाधिकारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

६. **विज्ञापन, प्रवर्द्धन तथा प्रायोजन कार्य नियन्त्रण गर्ने :** (१) निरीक्षकले ऐनको दफा १० र नियमावली तथा निर्देशिका कार्यन्वयन गर्ने सिलसिलामा निरीक्षकले देहाय बमोजिम कार्य गर्नु पर्नेछ ।

(क) उत्पादक, सञ्चार माध्यम, संघसंस्था र व्यक्तिहरु लगायतलाई सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन नगर्न सूचित गर्ने,

(ख) उत्पादक, सञ्चार माध्यम, संघसंस्था र व्यक्तिहरुले सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन गरेको नगरेको अनुगमन गर्ने,

(ग) कसैले सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी होर्डिङ्गवोर्ड, फ्लेक्सबोर्ड, भित्तेलेखन र अन्य सूचना सामाग्रीहरु प्रदर्शन गरेको वा नगरेको अनुगमन गर्ने,

(घ) पत्रपत्रिका, टेलिभिजन र रेडियोहरुले सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी कार्यक्रम, सन्देश, लोगो, चिन्ह वा चित्र प्रकाशन वा प्रसारण गर्ने गरेको वा नगरेको,

(२) कसैले सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी राखिएका पुराना होर्डिङ्गबोर्ड, फ्लेक्सबोर्ड, भित्तेलेखन लगायतका सामाग्रीहरु हटाएको नपाइएमा निरीक्षकले तत्काल हटाउन लगाउनु पर्नेछ ।

(३) कसैले सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी ऐनको दफा १० र नियमावली तथा निर्देशिका विपरीत कुनै कार्य गरेमा त्यस्ता व्यक्ति वा निकाय उपर निरीक्षकले प्रचलित कानून बमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ ।

**७. बिक्री वितरण तथा प्रदर्शनमा बन्देज लगाउने :** (१) ऐनको दफा ११ को उपदफा (१) को पालना भएको छ छैन वा नियमावलीको नियम ११ बमोजिम सुर्तीजन्य पदार्थको बिक्रेताले सूचना पाटी टाँस गरेको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नु पर्नेछ ।

(२) ऐनको दफा ११ को उपदफा (३) को पालना भएको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले समय समयमा निरीक्षण गरी सो को प्रभावकारी रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

(३) नेपाल सरकारले सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न समेत इजाजत पत्र लिनु पर्ने व्यवस्था गरेको अवस्थामा सोको पालना भएको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नुपर्ने छ ।

(४) उत्पादक वा आयातकर्ता वा व्यवस्थापक वा सुर्तीजन्य पदार्थको व्यवसायी वा बिक्री वितरक लगायत कसैले पनि सुर्तीजन्य पदार्थ प्रति आकर्षण हुने गरि बिक्रीस्थल सजावट तथा त्यस्तो पदार्थको प्रदर्शन गरेको छ छैन भन्ने सम्बन्धमा निरीक्षकले निरीक्षण गर्नु पर्नेछ ।

(५) कसैले ऐनको दफा ११ र नियमावलीको नियम ११, १३ र १४ विपरीत सुर्तीजन्य पदार्थको बिक्री वितरण गरेको पाईएमा त्यस्तो कार्य गर्ने उत्पादक, आयातकर्ता, व्यवस्थापक, सुर्तीजन्य पदार्थको व्यवसायी, बिक्री वितरक, खरिदकर्ता लगायतलाई निरीक्षकले तत्काल त्यस्तो कार्य गर्न रोक्न निर्देशन दिनेछ र प्रचलित कानून अनुसार आवश्यक कारबाही अगाडि बढाउने छ ।

**८. कार्यक्रम सञ्चालन गर्ने र गर्न लगाउने :** (१) निरीक्षकले ऐन, नियमावली र निदेशिकाको पालना गराउन वा सम्बन्धित उत्पादक, आयातकर्ता, व्यवस्थापक, व्यवसायी, बिक्री, वितरक, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, अन्य निकाय वा व्यक्तिलाई निर्देशन दिनका लागि बैठक सञ्चालन, निरीक्षण तथा अनुगमन भ्रमण कार्यक्रम जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयको समन्वयमा सञ्चालन गर्न सक्नेछ ।

(२) निरीक्षकले सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने, सुर्तीजन्य पदार्थको प्रयोगबाट मानव स्वास्थ्यमा लाग्ने रोगहरुको रोकथाम, नियन्त्रण तथा उपचार र सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी कानूनी व्यवस्थाको बारेमा जनचेतनामूलक र अन्य सेवामूलक कार्यक्रम सञ्चालन गर्न गराउन जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यक्रम अन्य सरकारी, साझेदार, निजी, सामाजिक संस्था वा गैरसरकारी अस्पतालले सञ्चालन गरेको अवस्थामा निरीक्षकले सोको पनि निरीक्षण, अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित निकायहरुलाई निरीक्षकले सहजीकरण र सहयोग उपलब्ध गराईदिनु पर्नेछ ।

(५) यस दफा बमोजिम निरीक्षकको निर्देशन पालना गर्नु गराउनु सम्बन्धित सबै सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

**९. विवरण पेश गर्न लगाउने :** (१) निरीक्षकले ऐनको दफा ८ र नियमावलीको नियम ८ बमोजिम उत्पादक, निकासी र पैठारीकर्ताले मन्त्रालयमा पेश गर्नु पर्ने विवरण पेश भए नभएको सम्बन्धमा पनि निरीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा ऐनको दफा ८ र नियमावलीको नियम ८ बमोजिमको विवरण पेश नभएको पाइएमा निरीक्षकले तत्काल त्यस्तो विवरण पेश गर्न निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले निर्देशन दिएको सात दिन भित्र उत्पादक, पैठारी तथा निर्यातकर्ताले विवरणहरु मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, टेकुमा पठइसक्नु पर्नेछ र

सोको एकप्रति निरीक्षक र जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई पठाउनु पर्नेछ ।

**१०. उजुरी पेटिका राख्न लगाउने :** (१) निरीक्षकले व्यवस्थापकलाई आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धूम्रपान वा सुर्तीसेवन गरेको वा ऐन तथा नियम विपरीतका अन्य काम कारबाही गरेको छ भन्ने कुराको सूचना वा जनकारी दिनको लागी उजुरी पेटिका राख्न निर्देशन दिन सक्नेछ ।

(२) व्यवस्थापकले उपदफा (१) बमोजिम राखिएको उजुरी पेटिकामा परेका उजुरीहरु उपर भएको कारबाहीको प्रगति विवरण वार्षिक रुपमा निरीक्षक समक्ष पेश गर्नु पर्नेछ ।

**११. उजुरी :** (१) कसैले ऐन तथा नियम प्रतिकुल कुनै काम गरेमा निरीक्षक समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा लिखित उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएने उजुरीमा अन्य कुराका अतिरिक्त देहायका कुराहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(क) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका बिपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्तीसेवन गरेकोमा सो सम्बन्धी व्यवस्थापकको नाम, संस्थाको नाम, ठेगाना, फोन सम्पर्क भए सो समेत,

(ख) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका विपरित सार्वजनीक स्थलमा धूम्रपान वा सुर्तीसेवन गर्ने व्यवस्थापकको नाम, संस्था र ठेगाना, फोन सम्पर्क भए सो समेत,

(ग) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका विपरीत सुर्तीजन्य पदार्थको विज्ञापन तथा प्रायोजन गर्ने सञ्चारका माध्यम वा संस्थाको विवरण,

(घ) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका विपरीत चेतनामूलक सन्देश तथा चित्र उल्लेख नभएका सुर्तीजन्य पदार्थको कारोवार गर्ने उत्पादक वा वितरकको विविरण,

(ङ) ऐन तथा सो सम्बन्धी नियम र निर्देशिका विपरीत भएका अन्य कार्यहरु र त्यस्तो कार्यमा संलग्न व्यक्ति वा सार्वजनिक स्थलका व्यवस्थापक सम्बन्धी अन्य विवरण,

(च) उजुरीमा उल्लेखित विवरणलाई पुष्टयाई हुने कुनै प्रमाण भए सोको विवरण,

(छ) उजुरीकर्ताले उपदफा (१) बमोजिमको ढाँचामा निरीक्षक समक्ष उजुरी दिन नसक्ने अवस्था भएमा मौखिक रुपमा वा अन्य कुनै माध्यमबाट पनि निरीक्षक समक्ष उजुरी दिन सक्नेछ,

(ज) खण्ड (छ) बमोजिमको उजुरीलाई लिखित विवरण तयार गरी सो उजुरीको आधारमा निरीक्षण कार्य गर्न कुनै बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिमको उजुरीकर्ताको नाम र ठेगाना यथासम्भव गोप्य रहने गरी निरीक्षकले काम कारबाही अगाडि बढाउनु पर्नेछ ।

१२. **<u>सुर्तीजन्य पदार्थको नमूना लिने :</u>** (१) निरीक्षकले सुर्तीजन्य पदार्थमा ऐनको दफा ८ को उपदफा (१) तथा नियमावलीको नियम ८ को उपनियम (१) बमोजिमको विवरण उल्लेख भएको वा नभएको भन्ने कुरा यकिन गर्नका लागि सुर्तीजन्य पदार्थ उत्पादन, सञ्चय र बिक्री वितरण हुने स्थानबाट सुर्तीजन्य पदार्थको नमूना लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नमूना लिँदा देहायका विवरणहरु उल्लेख गरी सोको अभिलेख राख्नुपर्नेछ :-

(क) नमूना लिइएको सुर्तीजन्य पदार्थको उत्पादकको नाम, ठेगाना,

(ख) नमूना लिइएको सुर्तीजन्य पदार्थको ट्रेडमार्क वा लेबुलको विवरण,

(ग) लिइएको नमूनाको परिमाण,

(घ) नमूना संकलन गरेको स्थान, मिति र समय ।

(३) निरीक्षकले उपदफा (१) बमोजिम नमूना संकलन गर्दा सम्भव भए सम्म स्थानीय व्यक्तिहरुलाई समेत रोहबरमा राखी मुचुल्का गराउनु पर्नेछ ।

(४) सुर्तीजन्य पदार्थको नमूना लिँदा निरीक्षकले त्यस्तो नमूना सम्बन्धित व्यक्तिलाई दिन, परीक्षण वा विश्लेषणको लागि सम्बन्धित निकायमा पठाउन र कार्यालयमा समेत राख्नको लागि छुट्टाछुट्टै भाँडोमा राखी सिलबन्दी गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सिलबन्दी गरिएको भाँडाको बाहिरी आवरणमा

सुर्तीजन्य पदार्थको नाम, मात्रा सांकेतिक संख्या समेत उल्लेख गर्नु पर्नेछ ।

१३. **निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने :** (१) दफा १२ बमोजिम कसैको उजुरी परेमा वा ऐन वा नियमावली विपरीत कुनै काम कारबाही भईरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा निरीक्षकले सम्बन्धित स्थानमा गई निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाचँबुझ, तथा खानतलासी गर्नुपूर्व निरीक्षकले सम्भव भएसम्म त्यसरी निरीक्षण, जाँचबुझ तथा खानतलासी गर्नु पर्नाको कारण सहितको पर्चा वा टिप्पणी खडा गर्नुपर्छ ।

(३) उपदफा (२) बमोजिम पर्चा खडा गरिएको अवस्थामा सम्बन्धित व्यक्तिले सोको नक्कल लिन चाहेमा प्रचलित कानूनको रीत पुऱ्याई नक्कल सारी सराई लिन पाउनेछ ।

(४) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने निरीक्षण अधिकृतले आफ्नो कार्यालयले जारी गरेको परिचयपत्र साथमा राख्नु पर्नेछ ।

१४ **निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि :** (१) दफा १४ बमोजिम निरीक्षकले कुनै ठाउँको निरीक्षण , जाँचबुझ वा खानतलासी गर्दा देहाय बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(क) सम्बन्धित व्यक्तिलाई सूचना दिएर निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्दा त्यस्ता सूचना निरीक्षण, जाँचबुझ वा खानतलासी गरिने स्थलमा पुगेपछि मात्र दिन सकिनेछ ।

(ख) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा यथासम्भव सूर्योदय भई सूर्यास्त नभएसम्मको समयमा मात्र गर्नुपर्ने छ तर सार्वजनिक स्थलमा धूम्रपान गरे नगरेको निरीक्षण सूर्यास्त भएपछि पनि गर्न सकिनेछ ।

(ग) निरीक्षण, जाँचबुझ वा खानतलासीको सिलसिलमा कुनै सुर्तीजन्य पदार्थको नमूना लिएकोमा उपलब्ध भएसम्म साक्षी राख्नु पर्नेछ ।

(घ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा यथासम्भब कुनै किसिमको हानि नोक्सानी नहुने गरी लिनु गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने

सिलसिलामा निरीक्षकले सूचना दिँदादिँदै पनि सम्बन्धित व्यक्ति वा अरु कसैले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न बाधा विरोध गरेमा निरीक्षकले स्थानीय भद्रभलाद्मीलाई साक्षी राखी त्यस्तो निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

**१५. सहयोग लिन सक्ने :** (१) निरीक्षकले ऐन र नियमावली बमोजिम गर्नु पर्ने निरीक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्रहरी, स्थानीय निकाय, सामाजिक संघसंस्था, सञ्चार माध्यम वा अन्य कुनै संघसंस्था वा पदाधिकारीको सहयोग लिन सक्नेछ ।

(२) निरीक्षकले स्थानीय निकायमा क्रियाशील राजनैतिक तथा सामाजिक संघसंस्था, उपभोक्ता समिति, नागरिक समाज, आमा समुह र त्यस्तै प्रकारका अन्य समूहहरुलाई परिचालन गरी सुर्तीजन्य पदार्थको विरुद्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सम्बन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयलाई उत्प्रेरित, सहजीकरण र निर्देशन गर्नेछ ।

(३) निरीक्षकले ऐन, नियम र यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक तथा सचिवालय सम्बन्धी सहयोग जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यलयबाट लिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको कार्यक्रम सञ्चालन गर्नु र उपदफा (३) बमोजिमको सहयोग उपलब्ध गराउनु जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयको कर्तव्य हुनेछ ।

**१६. उपसमिति गठन हुने :** (१) ऐनको दफा १९ बमोजिमको समितिको काम सुचारु रुपले सञ्चालन गर्न नियमावलीको नियम १७ को खण्ड (घ) बमोजिम जिल्ला, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउ विकास समितिमा देहाय बमोजिम "सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन उपसमिति"हरु रहन सक्नेछन् :-

**(क) जिल्ला**

| | |
|---|---|
| (१) निरीक्षक | अध्यक्ष |
| (२) स्थानीय विकास अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि, जिल्ला विकास समिति | सदस्य |
| (३) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय | सदस्य |

(४) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, आन्तरिक राजस्व कार्यालय — सदस्य

(५) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, जिल्ला शिक्षा कार्यालय — सदस्य

(६) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, जिल्ला कृषी विकास कार्यालय — सदस्य

(७) प्रमुख, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय वा निजले तोकेको प्राविधिक अधिकृत — सदस्य सचिव

**(ख) महानगरपालीका, उपमहानगरपालिका तथा नगरपालिका**

(१) मेयर वा मेयर पदरिक्त भएमा प्रमुख कार्यकारि अधिकृत — अध्यक्ष

(२) प्रमुख, नगर प्रहरी कार्यालय — सदस्य

(३) प्रमुख, कृषि विकास र पशु सेवा केन्द्र — सदस्य

(४) प्रमुख, प्राथमिक वा माध्यमिक वा उच्च माध्यमिक विद्यालय/कलेजबाट मनोनयन हुने एकजना — सदस्य

(५) महानगरपालीका वा उपमहानगरपालिका वा नगरपालिकाको जनस्वास्थ्य विभाग प्रमुख — सदस्य

(६) प्रमुख, आयुर्वेद चिकित्सालय वा औषधालय — सदस्य

(७) प्रमुख, स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र वा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय वा निजले तोकेको प्रतिनिधि — सदस्य सचिव

**(ग) गाउँ विकास समिति**

(१) अध्यक्ष वा अध्यक्षको पदरिक्त भएमा सचिव — अध्यक्ष

(२) गाउँ वा इलाका प्रहरी कार्यालयको प्रमुख — सदस्य

(३) प्रमुख, कृषि विकास र पशु सेवा केन्द्र — सदस्य

(४) प्रमुख, प्राथमिक, माध्यमिक/उच्च माध्यमिक विद्यालय वा कलेजका मनोनयन हुने एकजना — सदस्य

(५) प्रमुख, आयुर्वेद चिकित्सालय वा औषधालय — सदस्य

(६) प्रमुख, स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र — सदस्य सचिव

(२) उपदफा (१) खण्ड (क), (ख) र (ग) बमोजिम उपसमितिका अध्यक्षले सदस्य सचिवको परामर्शमा उपदफा (१) बमोजिम मनोनयन हुने सदस्य मनोनयन गर्नु पर्नेछ र मनोनयन हुने सदस्यको पदावधि २ (दुई) वर्षको हुनेछ।

(३) भन्सार कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र वाणिज्य कार्यालय भएका स्थानहरुमा ती कार्यालयका प्रमुख वा निजले तोकेका अधिकृत प्रतिनिधिहरु उपदफा (१) को खण्ड (क) बमोजिमको जिल्लास्तरको उपसमितिमा र सशस्त्र प्रहरी कार्यालय भएमा ती कार्यालयका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधिहरु उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको उपसमितिमा सदस्य हुनेछन् ।

(४) आन्तरिक राजस्व कार्यालय नभएको जिल्लाहरुमा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख वा निजले तोकेका अधिकृत प्रतिनिधिहरु उपदफा (१) को खण्ड (क) बमोजिमको जिल्लास्तरको उपसमितिमा सदस्य हुनेछन् ।

(५)उपदफा (१) बमोजिमका उपसमितिका अध्यक्षको परामर्शमा सदस्य सचिवले बैठकमा प्रस्तुत हुने कार्यसूचि तयार गरी अध्यक्षको निर्देशनमा सदस्य सचिवले उपसमितिको बैठक बोलाउने छन् ।

(६) उपदफा (१) बमोजिमका उपसमितिको बैठक आयोजना र सञ्चालनमा सदस्य सचिवले सहयोग गर्नेछन् ।

(७) उपदफा (१) बमोजिमका उपसमितिको निर्णयहरु अध्यक्षले प्रमाणित गरी अध्यक्ष र सदस्य सचिवले कार्यान्वयन गर्ने गराउने छन् ।

(८) उपदफा (१) बमोजिमका उपसमितिको बैठक सञ्चालन सम्बन्धी अन्य व्यवस्था उपसमिति आफैले तोके बमोजिम हुनेछ ।

(९) उपदफा (१) बमोजिम उपसमितिका अध्यक्षले आवश्यक ठानेका अन्य विशेषज्ञ वा व्यक्तिलाई उपसमितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) यस दफा बमोजिम उपसमितिको कार्यलाई प्रभावकारि बनाउन उपसमितिले आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ ।

(११) उपदफा (१) को खण्ड (क) बमोजिमको उपसमितिमा जिल्ला

स्वास्थ्य/जनस्वास्थ्य कार्यालय प्रमुख सदस्य सचिवको रुपमा नरहेको अवस्थामा सो उपसमितिको बैठक सञ्चालनमा निरीक्षकलाई सहयोग र बैठकले गरेको निर्णय कार्यान्वयन गर्नु जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।

(१२) नेपाल सरकारले तोक्ने निरीक्षक जिल्ला प्रशासन कार्यालयको अधिकृत नभएको अवस्थामा जिल्ला स्तरको उपसमितिमा प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत उपसमितिको सदस्य हुनेछ ।

**१७. उपसमितिको काम, कर्तव्य र अधिकारहरु :** (१) दफा १६ बमोजिमको उपसमितिहरुको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिमका हुनेछ ।

(क) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागी ऐनको दफा १९ बमोजिमको समिति समक्ष सुझाव पेश गर्ने,

(ख) धूम्रपान तथा सुर्तीसेवनलाई नियन्त्रण गर्ने चेतनामूलक कार्यक्रम सञ्चालन गराउने,

(ग) धूम्रपान तथा सुर्तीसेवनकर्तालाई सो लतबाट मुक्त हुने उपायहरु अवलम्बन गर्न प्रेरणा जगाउने,

(घ) सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनको काम कारबाहीको अनुगमन तथा मूल्यांकन कार्यमा सहयोग गर्ने,

(ङ) सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगको रोकथाम, नियन्त्रण र न्यूनीकरणका लागि पहल गर्ने, निरीक्षकलाई सहयोग गर्ने,

(च) सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगको नियन्त्रण एवं सुर्तीजन्य पदार्थको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि आवश्यक स्थानीय स्रोत जुटाई परिचालन गराउने,

(छ) कानून कार्यान्वयनमा निरीक्षकलाई आवश्यक सुझाव दिने,

(ज) कृषकलाई सुर्ती खेती प्रतिस्थापन गरी अन्य खेती गर्ने तर्फ प्रोत्साहित गर्ने,

(झ) सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने सम्बन्धमा सरोकारवाला निकायसँग समन्वय र परामर्श गर्ने,

(ञ) सुर्तीजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेट तथा पार्सल प्याकेजिङ्ग र लेबलिङ्गमा चेतावनीमूलक सन्देश तथा चित्र छापिएको वा अंकित भएको छ छैन अनुगमन गर्ने र चेतावनीमूलक सन्देश तथा चित्र नछापिएको वा अंकित नभएका सुर्तीजन्य पदार्थ बिक्री वितरण नगर्न सम्झाउने तथा अटेर गर्ने उपर कानून बमोजिम आवश्यक कारबाही गर्न निरीक्षकलाई अनुरोध र सहयोग गर्ने,

(ट) सार्वजनिक स्थलका व्यवस्थापकहरुलाई ऐन, नियमावली र निर्देशिकाहरुको प्रभावकारी कार्यन्वयनका लागि निर्देशन दिने

(ठ) सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, नियमावली र निर्देशिकामा भएको व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने र प्रभावकारी रुपमा कार्यान्वयन गराउने,

(ड) ऐन, नियमावली र निर्देशिकाहरुमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने र प्रभावकारी रुपमा कार्यान्वयन गराउने सम्बन्धमा ऐनको दफा २६ र नियमावलीको नियम १५ को खण्ड (छ) र (ज) बमोजिम नेपाल प्रहरीलाई संलग्न गर्ने गराउने र निजको सहयोग लिने ।

(ढ) सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिले तोकेको वा निर्देशन दिएका अन्य कार्यहरु गर्ने गराउने ।

१८. **प्रहरीले अनुगमन र निरीक्षणमा सहयोग गर्नु पर्ने :** (१) दफा १६ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम उपसमितिका अध्यक्षले ऐन तथा नियमावली र निर्देशिकाहरुमा भएको व्यवस्था कार्यन्वयन भए नभएको सम्बन्धमा नियमावलीको नियम १७ को खण्ड (ङ) बमोजिम अनुगमन र निरीक्षण गर्ने तथा प्रभावकारी रुमपा कार्यान्वयन गराउने सम्बन्धमा ऐनको दफा २६ र नियमावलीको नियम १५ को खण्ड (छ) र (ज) बमोजिम प्रहरीलाई संलग्न गराउन र निजको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जिल्ला, महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिका र गाउँ विकास समिति स्तरमा ऐन तथा नियमावली र

निर्देशिकाहरुमा भएको व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन र निरीक्षण गर्ने तथा प्रभावकारी रुपमा कार्यान्वयन गराउने सम्बन्धमा प्रहरीले सहयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कार्यको अतिरिक्त प्रहरीले ऐनको दफा ३ बमोजिमको सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन भए नभएको अनुगमन गर्ने र कसैले त्यस्तो सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गरेको पाइएमा ऐनको दफा १७ को उपदफा (१) को खण्ड (क) बमोजिम सार्वजनिक स्थलबाट बाहिर निकाल्न वा एक सय रुपियाँ जरिवाना वा दुबै सजाय गर्न व्यवस्थापकलाई सहयोग गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम प्रहरीबाट भए गरेका कार्यहरुको विवरण सहितको प्रतिवेदन सम्बन्धित सार्वजनिक स्थलको व्यवस्थापक वा उपसमितिका अध्यक्ष वा निरीक्षकलाई त्यस्तो कार्य गरेको ७ (सात) दिनभित्र दिनु पर्नेछ ।

**१९. निरीक्षण तथा अनुगमन चेकलिष्ट :** (१) यस निर्देशिका बमोजिम गर्नु पर्ने निरीक्षण तथा अनुगमन कार्यका लागि आवश्यक पर्ने चेकलिष्ट राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले निर्धारण गरे अनुसार हुनेछ ।

## परिच्छेद -३

## नीति निर्माण र कार्यान्वयनमा हस्तक्षेपलाई नियन्त्रण गर्ने

**२०. अन्तरक्रिया सीमित र सूचना पारदर्शी हुनुपर्ने :** (१) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको प्रवर्द्धन एवं विज्ञापन र प्रायोजन हुने गरी कुनै पनि सञ्चार माध्यम र तरिकावाट सूचना, सन्देश, समाचार र जानकारीहरु प्रकाशन, प्रशारण, प्रदर्शन र वितरण तथा अन्तरक्रिया गर्न पाउने छैन ।

(२) उत्पादक लगायतले सुर्तीजन्य पदार्थमा हुने हानिकारक रासायनिक तत्वहरुको पारदर्शी र यथार्थतामा आधारित सूचना सेवनकर्ताहरुलाई ऐन तथा नियमावली र निर्देशिकामा तोकिए बमोजिम प्रदान गर्नु पर्नेछ ।

(३) उत्पादक लगायत कसैले पनि उत्पादनलाई प्रवर्द्धन वा विज्ञापन र प्रायोजन गर्ने हेतुले झुठा विवरण वा गलत अर्थ दिने विज्ञप्ति, सूचना, सन्देश जानकारी, समाचार र अभिव्यक्ति दिन पाउने छैन ।

(४) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्ने पसल, डिपार्टमेन्ट स्टोर जस्ता स्थानमा सुर्तीजन्य पदार्थ प्रदर्शन गर्न र ऱ्याक, बक्स, सोकेस, दराज, पसल, डिपार्टमेन्ट स्टोरको अग्रभागमा उत्पादक लगायतको लोगो, सन्देश, ब्यानर राखेर सजावट गर्न पाउने छैन ।

(५) उत्पादक लगायतले सुर्ती उद्योगमा काम गर्ने मजदुर र सुर्तीखेती गर्ने किसानलाई सुर्ती उद्योग वा सुर्ती खेतीमा काम गर्दा स्वास्थ्यमा पर्ने प्रतिकुल असर र लाग्ने रोग बारे तथ्यगत र पारदर्शी रुपमा जानकारी गराउनु पर्नेछ ।

(६) सार्वजनिक निकायका पदाधिकारीले सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने लगायतका कुनै पनि गतिविधि वा कार्यक्रममा सुर्ती उद्योगहरुको सहयोग, सहभागिता र सहकार्यलाई स्वीकार गर्नु हुँदैन ।

(७) सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमनको कार्यलाई कमजोर तुल्याउने गरी सुर्ती उद्योगबाट तयार पारिएका आचारसंहिता, वैधानिक प्रावधान, नीति वा त्यस्तै किसिमका सामग्रीको कसैले पनि अवलम्बन गर्नु हुँदैन ।

(८) सरकारलाई उत्पादक लगायतबाट कर, दस्तुर र भन्सार स्वरुप वार्षिक रुपमा प्राप्त भएको रकम अर्थ मन्त्रालयले पारदर्शी रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(९) उत्पादक लगायतले सुर्तीजन्य पदार्थको उत्पादन, बजारीकरण, व्यापार र ब्रान्डहरु बारेको सूचनामा सरकारी र आमनागरिकको पहुँचलाई सुलभ बनाउनु पर्नेछ ।

**२१. साझेदारिता र सहभागिता गराउन नपाइने :** (१) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन लगायत नीति निर्धारण र कार्यान्वयन गर्ने कार्यमा सार्वजनिक निकायका पदाधिकारीले उत्पादक लगायतको सहभागिता गराउन पाइने छैन ।

(२) उत्पादक लगायतलाई राजस्व परामर्श समिति र यस्तै अन्य नीति निर्माण गर्ने निकाय, समिति र अन्य बैठक तथा कार्यक्रमहरूमा सहभागी गराउन पाइने छैन ।

(३) कसैले पनि सुर्तीजन्य पदार्थका उत्पादक लगायतको साझेदारीमा सुर्तीजन्य पदार्थ नियन्त्रण कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

**२२. संस्थागत सामाजिक उत्तरदायित्व नाममा काम गर्न नपाइने :** (१) सरकारी वा गैरसरकारी वा निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्था, मदरसा, नाट्यशाला, धार्मिक प्रवचन, सत्सङ्ग, स्वास्थ्य संस्था आदिलाई आर्थिक, प्राविधक, भौतिक, संरचनागत तथा अन्य कुनै पनि प्रकारको सहयोग उत्पादक लगायतले प्रदान गर्न पाउने छैन ।

(२) कसैले पनि उत्पादक लगायतले प्रदान गर्ने आर्थिक, भौतिक र संरचनागत सहयोग ग्रहण गर्न पाउने छैन र उत्पादक लगायतले पनि यस्तो सहयोग गर्न पाउने छैन ।

(३) सुर्ती उद्योगबाट उपलब्ध गराइएको छात्रवृत्ति, आर्थिक सहायता, पुरस्कार, प्रोत्साहन भत्ता कसैले पनि ग्रहण गर्न पाउने छैन र उत्पादक लगायतले यस्तो सहयोग गर्न पाउने छैन ।

(४) सुर्ती उद्योगबाट निःशुल्क प्रदान गरिने उत्पादनलाई कसैले पनि ग्रहण गर्न पाउने छैन र उत्पादक लगायतले यस्तो निःशुल्क सहयोग गर्न पाउने छैन ।

(५) सुर्ती उद्योगहरूले उत्पादन, निर्यात, बिक्री वितरण आदि प्रवर्द्धन, विज्ञापन, प्रायोजन गर्ने उद्देश्यबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चन्दा, पुरस्कार, आर्थिक, सहायता, सामाजिक सेवा आदिको नाममा वार्षिक बजेट विनियोजन गर्न पाउने छैन ।

(६) सार्वजनिक निकायका पदाधिकारीहरूले सुर्ती उद्योगबाट प्रदान गरिने कुनै पनि प्रकारका सहयोग र पुरस्कार प्राप्त गर्न, सुर्ती उद्योगबाट प्रायोजित कार्यक्रममा सहभागिता, सुर्ती उद्योगको सहयोगमा वा सुर्ती उद्योगको आमन्त्रणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैठक, भ्रमण, तालीम, गोष्ठी, सम्मेलन जस्ता कार्यक्रमहरूमा सहभागीता स्वीकार गर्नु हुँदैन ।

(७) संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने नाममा सुर्ती उद्योगहरूले प्रदान गर्ने कुनै पनि किसिमका शैक्षिक उत्थान, जातीय तथा वर्गीय उत्थान, आपतकालीन सेवामा सहयोग र सहकार्यको कसैले पनि स्वीकार गर्नु हुँदैन र उत्पादक लगायतले यस्तो सहयोग गर्न पाउने छैन ।

(८) यस दफामा अन्यत्र जुनसुकै करा लेखिएको भए तापनि सुर्तीजन्य पदार्थ उत्पादन, बिक्री वितरण र उपभोगमा संग्लन व्यक्ति, मजदुर र किसानलाई सुर्तीजन्य पदार्थको उपभोग, बिक्री वितरण र उत्पादन प्रक्रियामा सहभागी भएको कारणबाट उत्पन्न रोग र स्वास्थ्य समस्याको जाँच, निदान, औषधी,

उपचार, बिमा लगायतका सम्पूर्ण खर्च उत्पादकले अनिवार्य रूपमा बेहोर्नु पर्ने छ र यी कार्यमा उत्पादक लगायतले उपलब्ध गराउने आर्थिक, जिन्सी वा भौतिक सहायता लिन वा दिनमा कुनै बाधा पर्नेछैन ।

२३. **सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने कार्यमा उत्पादक लगायतलाई सहभागी नगराउने :** (१) कसैले पनि उत्पादक लगायतलाई सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने नीति निर्माणको कार्य, संयन्त्र, समिति, कार्यदल, बैठक एवं त्यस्ता नीति कार्यान्वयन कार्यमा सहभागिता गराउनु हुँदैन ।

(२) सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी जारी भएका नीति विरुद्ध गतिविधि सञ्चालन गर्ने सुर्ती उद्योगहरूलाई सार्वजनिक निकायबाट प्रदान गरिने कुनै पनि सहुलियत वा सहयोग प्रदान गर्नु हुँदैन ।

(३) सुर्ती उद्योगहरूको वैधानिक व्यवस्थापन, कार्यान्वयन, अनुगमन, मूल्यांकन र राजस्व असूली जस्ता कार्यमा बाहेक अन्य कार्यमा सार्वजनिक निकायका पदाधिकारीले सहकार्य, समन्वय र सहयोग गर्नु हुँदैन ।

२४. **सार्वजनिक निकायका पदाधिकारीहरूको आचरण :** (१) सार्वजनिक निकायका पदाधिकारीहरूले सुर्ती उद्योगको कुनै पनि क्रियाकलापमा सहभागिता जनाउनु हुँदैन ।

(२) सार्वजनिक निकायका पदाधिकारीले सुर्तीजन्य पदार्थ वा सो सेवन गरेको दृष्यलाई कुनै पनि सञ्चार माध्यम वा तरिकाबाट प्रकाशन, प्रशारण र प्रदर्शन गर्नु गराउनु हुँदैन ।

(३) सार्वजनिक निकायका पदाधिकारीले सुर्ती उद्योगसँग सम्बन्धित व्यक्तिहरूसँग सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी विषयहरूमा अन्तरक्रिया वा बैठक वा सञ्चार गर्दा पारदर्शी तवरबाट दुई भन्दा बढी व्यक्ति वा सञ्चार माध्यमका प्रतिनिधिहरूको सहभागितामा मात्र गर्नु पर्नेछ ।

(४) सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी कुनै कार्यमा सुर्ती उद्योगले अनावश्यक बाधा व्यवधान सिर्जना गरी हस्तक्षेप गरेको भएमा सार्वजनिक निकायका पदाधिकारीले त्यस्तो हस्तक्षेपलाई यथाशीघ्र सञ्चार माध्यम र अन्य विभिन्न उपायहरू अवलम्बन गरी विरोध जनाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम विरोध जनाउँदा समेत पटक पटक त्यस्ता गतिविधि गरेमा निज उपर आावश्यक कारबाही गर्न निरीक्षक समक्ष लेखी पठाउनु पर्नेछ ।

२५. **सरकारी स्वामित्वका सुर्ती उद्योग र यसप्रतिको व्यवहार अन्य सुर्ती उद्योग सरह हुने :** (१) नेपाल सरकारको स्वामित्वमा सुर्ती उद्योग स्थापना र सञ्चालन गर्ने कार्यलाई प्रायथमिकता दिइने छैन ।

(२) विद्यमान सरकारी स्वामित्वको सुर्ती उद्योगलाई नेपाल सरकारले क्रमशः विस्थापित गर्ने नीति अवलम्बन गर्नेछ ।

(३) सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्दा नेपाल सरकारका कुनै कार्यालयले सरकारी स्वामित्वका सुर्ती उद्योगहरूलाई पनि अन्य उद्योग सरह नै व्यवहार गरिनेछ ।

(४) सार्वजनिक निकायका पदाधिकारीले सरकारी स्वामित्वका सुर्ती उद्योगका प्रतिनिधिहरूलाई सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने कार्यमा सहभागी गराउन पाउने छैन ।

(५) नेपाल सरकारले सुर्तीजन्य पदार्थका उद्योगहरूको व्यवस्थापन गर्ने निकाय र सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी नीति कार्यान्वयन गर्ने निकाय अलग अलग हुने कुराको निश्चितता गर्नेछ ।

(६) सरकारी स्वामित्वका सुर्ती उद्योगलाई प्रोत्साहन गर्ने गरी नेपाल सरकारबाट कुनै पनि प्रकारको सरकारी सहुलियत वा सुविधा प्रदान गरिने छैन ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका लागू हुँदाका बखत नेपाल सरकारको स्वामित्वमा सञ्चालनमा रहेका सुर्ती उद्योगमा कार्यरत मजदूरहरूको पारिश्रमिक र कल्याणकारी कार्यको खर्च सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयले निर्णय गरेबमोजिम हुनेछ ।

२६. **बिक्री स्थलमा प्रदर्शन गर्न र बिक्री गर्ने मेसिन राख्न नपाउने :** (१) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको बिक्रीको स्थलमा सुर्तीजन्य पदार्थको प्रदर्शन र सजावट गर्न पाऊने छैन ।

(२) सुर्तीजन्य पदार्थ बिक्री गर्नको लागि उत्पादक लगायत कसैले पनि मेसिन राख्न पाउने छैन ।

**२७. सामाजिक सञ्चारका माध्यमबाट बिक्री गर्न नपाउने :** इन्टरनेट, वेबसाइट, फेसबुक, टुइटर जस्ता विद्युतीय र सामाजिक सञ्चारका माध्यमबाट सुर्तीजन्य पदार्थको बिक्री वितरण गर्न पाइने छैन ।

**२८. चुरोट, बिँडी, सिगारको खिल्ली फुटकर वा खुद्रा बिक्री गर्न र इलेक्ट्रोनिक सिगरेटको उपभोग गर्न नपाउने :** (१) उत्पादक लगायत कसैले पनि चुरोट, बिँडी, सिगार र इलेक्ट्रोनिक सिगरेट जस्ता सुर्तीजन्य पदार्थको खिल्ली फुटकर वा खुद्रा रूपमा बिक्री वितरण गर्न पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सिल तोडिएको चुरोट, बिँडी, सिगार र इलेक्ट्रोनिक सिगरेट जस्ता सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्स बिक्री वितरण गर्न पाउने छैन ।

(३) कसैले पनि इलेक्ट्रोनिक सिगरेटको उत्पादन, आयात, बिक्री वितरण, सार्वजनिक स्थल र सार्वजनिक यातायातमा उपभोग र सञ्चार माध्यमबाट प्रवर्द्धन तथा विज्ञापन गर्न पाउने छैन ।

(४) कसैले पनि करमुक्त पसलबाट चुरोट, बिँडी, सिगार, हुक्का, सिसा, ककड, चिलम, सूल्पा, खैनी, सुर्ती, गुट्खा जस्ता सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न पाउने छैन ।

**२९. चेतावनीमूलक सन्देश र चित्र छोपिने, बिग्रने र च्यातिने गरी लेबुल ट्रेडमार्क अंकित र बट्टा, प्याकेट, र्‍यापर्स प्याकेजिङ्ग गर्न नपाइने :** (१) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, कार्टुन र पार्सल प्याकेजिङ्गमा स्टिकर टाँस्दा र प्याकेजिङ्ग गर्दा चेतावनीमूलक सन्देश र चित्र छोपिने, बिग्रने र च्यातिने गरी टाँस्ने र प्याकेजिङ्ग गर्न पाउने छैन ।

(२) उत्पादक लगायतले सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्स बनाउँदा भित्री र बाहिरी दुईवटा बट्टा, प्याकेट र र्‍यापर्स बनाई सुर्तीजन्य पदार्थ प्याकेजिङ्ग गर्न पाउने छैन ।

**३०. सरकारी सहुलियत वा सुविधा प्राप्त नहुने :** नेपाल सरकार अन्य उद्योगहरूलाई उपलब्ध गराएको कुनै सहुलियत वा सुविधा सुर्ती उद्योगलाई उपलब्ध गराउन बाध्य हुने छैन ।

**३१. समन्वयात्मक कार्य :** (१) सुर्ती उद्योगबाट हने हस्तक्षेप नियन्त्रण गर्नका लागि समन्वयात्मक कार्य ऐनको दफा १९ बमोजिमको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिले गर्नेछ ।

(२) यस दफा बमोजिम गर्न पर्ने समन्वयात्मक कार्यमा ऐनको दफा १९

बमोजिमको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समितिलाई सोही समिति अर्न्तगत विभिन्न तहमा गठित उपसमिति र प्राविधिक समितिहरूले सहयोग प्रदान गर्नु पर्नेछ ।

३२. **समितिको काम, कर्तब्य र अधिकार :** (१) समितिले यस निर्देशिका बमोजिम सम्पन्न गर्नु पर्ने कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) मातहतका निकायका पदाधिकारीहरूलाई सुर्ती उद्योग हस्तक्षेप नियन्त्रण नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न निर्देशन दिने ।

(ख) सुर्ती उद्योगले ऐन, नियमावली तथा निर्देशिका कार्यान्वयनमा पुऱ्याउने अवरोधप्रति सार्वजनिक निकायका पदाधिकारीहरू सजग र सचेत रहन उत्प्रेरणा जगाउने ।

(ग) सुर्ती उद्योगहरूको उत्पादनमा अनुकुल प्रभाव पर्ने कुनै पनि नीति कार्यान्वयन नगर्न सार्वजनिक निकायका पदाधिकारीहरूलाई जानकारी गराउने ।

(घ) सार्वजनिक निकायका पदाधिकारीहरूले कुनै पनि नीति निर्माण र कार्यान्वयनमा सुर्ती उद्योगहरूलाई सहभागी गराउन नहुने करा सुनिश्चित गर्ने ।

(ङ) उपसमिति र प्राविधिक समितिलाई सुर्ती उद्योग हस्तक्षेप नियन्त्रणका लागि निर्देशन र सुभाव दिने ।

(च) सुर्ती उद्योग हस्तक्षेप नियन्त्रण र नियमन नीति निर्माण र कार्यान्वयन प्रभावकारी रूपमा गर्ने गराउने ।

## परिच्छेद-४

## जनचेतना अभिबृद्धि तथा सार्वजनिक स्थललाई धूम्रपान र सुर्तीसेवन रहित बनाउने

३३. **सुर्तीजन्य पदार्थको लत र हानी बारे चेतना जागरण गर्नु पर्ने :** (१) ऐनको दफा ४ बमोजिम कसैले पनि चुरोट, बिँडी, सिगार, इलेक्ट्रोनिक सिगरेट, खैनी, सुर्ती, गुट्खा, हुक्का, सिसा, ककड, चिलम, सूल्पा जस्ता धूम्रपान तथा सुर्तीसेवन सार्वजनिक स्थल, कार्यस्थल र सार्वजनिक यातायात लगायतमा गर्न नपाउने कुराहरूको सम्बन्धमा देहाय बमोजिम व्यापक जनचेतना जगाउनु पर्नेछ :

(क) व्यवस्थापकले सार्वजनिक निकायका पदाधिकारी लगायत

आमनागरिकलाई सुर्तीजन्य पदार्थको नकारात्मक असर, खराब लत, हानी, रोग र मृत्युको बारेमा सूचित गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्ने,

(ख) उपदफा (१) मा उल्लेख भए बमोजिमका कार्यक्रमहरू सरकारी, गैरसरकारी वा निजी क्षेत्र समेतको सहयोग र सहकार्यमा सञ्चालन गर्न र यस्ता कार्यक्रमहरूमा सहभागी हुन आमनागरिकलाई अभिप्रेरित गर्नु गराउनु पर्ने,

(ग) उत्पादक लगायतले सुर्तीजन्य पदार्थ प्रवर्द्धन एवं विज्ञापन र प्रायोजन गर्ने कार्यनीति वा रणनीति अवलम्बन गरेको थाहा पाउने व्यवस्थापक, सार्वजनिक निकायका पदाधिकारी, महिला स्वास्थ्य स्वयंसेविका र आमनागरिकले निरीक्षक वा स्थानीय निकायमा सूचना दिनु पर्ने,

(घ) उपदफा (३) बमोजिमको सूचना प्राप्त हुनासाथ स्थानीय निकायले सोको जानकारी निरीक्षकलाई दिनु पर्ने,

(ङ) सार्वजनिक र निजी विद्युतीय सञ्चार माध्यमहरूले सुर्तीजन्य पदार्थ तथा नसर्ने रोग नियन्त्रण सम्बन्धी चेतावनीमूलक सूचना तथा सन्देशहरू निःशुल्क रूपमा प्रसारण गर्न प्रोत्साहित गर्नु पर्ने,

(च) जनस्वास्थ्य कार्यक्रमहरूमा धूम्रपान तथा सुर्तीसेवन त्याग गर्न प्रवर्द्धन गर्ने कार्य प्राथमिक स्वास्थ्य सेवामा एकीकृत रूपमा समावेश गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने र सबै सेवाग्राहीलाई धूम्रपान तथा सुर्तीसेवन बारे सोध्ने, त्याग गर्न सुझाव दिने र त्याग गर्न सहयोग पुग्ने किसिमको वातावरण सिर्जना गर्न उपयुक्त व्यवस्था मिलाउनु पर्ने ।

**३४. धूम्रपान तथा सुर्तीसेवन नियन्त्रणका लागि क्षमता अभिवृद्धि र पर्याप्त स्रोत व्यवस्था गर्ने :** (१) धूम्रपान तथा सुर्तीसेवन नियन्त्रणका लागि सम्बन्धित निकाय मार्फत स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाहरूलाई तालीम र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) धूम्रपान तथा सुर्तीसेवन नियन्त्रणका लागि आवश्यक पर्ने पर्याप्त

स्रोतको व्यवस्था गरिनेछ ।

**३५. धूम्रपान तथा सुर्तीसेवन रहित वातावरण सिर्जना गर्ने :** (१) धूम्रपान तथा सुर्तीसेवन गर्नेहरूको विद्यमान संख्या, ज्ञान, बानी, व्यवहार आदि बारेको तथ्यगत सूचना व्यवस्थापकले आवधिक रूपमा संकलन तथा प्रचारप्रसार गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(२ उपदफा (१) बमोजिम संकलित सूचनाको आधारमा धूम्रपान तथा सुर्तीसेवन रहित वातावरण सिर्जनाको लागि देहायबमोजिम प्रभावकारी संयन्त्र र तरिकाहरू निर्माण गर्नुपर्नेछ :-

(क) स्थानीय निकायहरूले बैठक सञ्चालन गरी धूम्रपान तथा सुर्तीसेवन रहित वातावरण सिर्जनाको प्रतिबद्धता व्यक्त गर्ने,

(ख) खण्ड (क) बमोजिमको बैठकमा ऐन, नियमावली र निर्देशिकाहरू, धूम्रपान तथा सुर्तीसेवन रहित वातावरणले क्यान्सर, मुटुरोग लाग्नबाट बच्न सकिने, औषधोपचार खर्च कम हुने, मानिसको उत्पादकत्व क्षमता बढ्ने जस्ता फाइदा बारेका क्रियाकलाप सञ्चालन गर्ने,

(ग) स्थानीय निकाय र सार्वजनिक निकायहरूले धूम्रपान तथा सुर्तीसेवन रहित वातावरण सिर्जना गर्ने कानूनलाई स्थानीय स्तरमा सञ्चालन हुने अन्य कार्यक्रमहरूसँग प्रभावकारी रूपमा लागू गर्ने ।

**३६. सन्देश वा सूचना प्रचार प्रसार :** (१) स्थानीय निकायले स्थानीय सञ्चार माध्यमबाट ऐन, नियमावली र निर्देशिकाहरू बारेमा सर्वसाधारण नागरिक समक्ष प्रचार प्रसार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रचार प्रसार गर्नका लागि स्थानीय स्तरमा "सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन उपसमिति" बैठक आयोजन गरी सन्देश वा सूचना प्रचार प्रसारको विषयमा छलफल र निर्णय गरी देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) सञ्चार माध्यमका प्रतिनिधि तथा राजनीतिकर्मी समेतको संलग्नतामा स्थानीय स्तरमा अन्तरक्रिया कार्यक्रम आयोजन गर्ने,

(ख) खण्ड (क) बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रेस विज्ञप्ती

तयार गरी प्रचार प्रसारका लागि टेलिभिजन, एफ.एम. रेडियो, पत्रपत्रिका र समाचार सम्वाददाताहरूलाई वितरण गर्ने,

(ग) धूम्रपान विरुद्धका शैक्षिक सामग्रीहरू वितरण गर्ने,

(घ) धूम्रपान रहित वातावरण कायम गर्ने सम्बन्धमा समुदायस्तरीय समूहहरू जस्तै स्वास्थ्य आमा समूह, कर्जा समूह आदिमा छलफल र प्रचार प्रसार गर्ने,

(ङ) धूम्रपान विरुद्ध सञ्चालन गरिएका कार्यक्रम र यस सम्बन्धी प्रतिवेदन, सन्देश वा सूचना सामाजिक सञ्जाल वेबसाइट, फेसबुक आदि मार्फत प्रचार प्रसार गर्ने,

(च) विद्यार्थी र शिक्षकलाई अभिमुखीकरण गरी घरायसी स्तरमा सन्देश वा सूचना प्रचार प्रसार गर्ने ।

**३७ सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कानूनको कार्यान्वयन :** (१) सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कानूनको सबैले पूर्ण रूपमा पालना गर्नुपर्नेछ ।

(२) सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कानूनको सबैले पूर्ण रूपमा पालना गरे नगरेको सम्बन्धमा सबै सरोकारवालाहरू सूचित हुनु पर्नेछ ।

(३ सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कानूनको सबैले पूर्ण रूपमा पालना गरे नगरेको अनुगमन गर्न “सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन उपसमिति” ले स्थानीय स्वास्थ्य कार्यालय, शिक्षण संस्था, धार्मिक संगठनहरू, होटल, रेष्टुरेन्ट, खेलकुद संगठनहरू, यातायात संगठनहरू, अन्य सरकारी निकाय र सुरक्षा निकायलाई समेत समावेश गरी अनुगमन कार्यदल वा संयन्त्र गठन गर्न सक्नेछ ।

(४) निरीक्षक र जिल्ला स्वास्थ्य /जनस्वास्थ्य कार्यालयले उपदफा (३) बमोजिमको कार्यदल वा संयन्त्रलाई कानून कार्यान्वयन, अनुगमन तथा निरीक्षण सम्बन्धमा सञ्चालन हुने अभिमुखीकरण कार्यक्रममा सहभागी गराउने पर्नेछ ।

(५) सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कुराको संकेत चिन्ह र चित्रहरू अंकित पोष्टर, साइनेज आदि वितरण गर्ने, टाँस्न लगाउने र यस्ता पोष्टर, साइनेजको नमूना वेबसाइटमा समेत उपलब्ध हुने

व्यवस्था मिलाउनु पर्नेछ ।

३८. **सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कानून कार्यान्वयनको अनुगमन :** (१) सार्वजनिक स्थलका व्यवस्थापकले धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कानून कार्यान्वयनलाई प्रभावकारी बनाउन आन्तरिक अनुगमन गर्ने, भवनभित्रका कर्मचारी तथा कामदारलाई लिखित वा मौखिक सूचना दिने गर्नु पर्नेछ ।

(२) निरीक्षक र व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कानून कार्यान्वयन भए नभएको बारेमा नियमित निरीक्षण र अनुमगन गर्नु पर्नेछ ।

(३) सार्वजनिक स्थलमा धूम्रपान तथा सुर्तीसेवन गर्न नपाइने कानून उल्लंघन भएको पाइएमा अख्तियार प्राप्त अधिकारीले कानून बमोजिम दण्ड सजाय र जरिवाना गर्नु पर्नेछ ।

३९. **राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले प्रगति अवस्थाको अनुगमन तथा मूल्यांकन गर्नु पर्ने :** (१) सुर्तीजन्य पदार्थ नियमन सम्बन्धी व्यवस्थापकले कानूनको कार्यान्वयन भएपछिको रोग रोकथाम, आर्थिक तथा सामाजिक क्षेत्रमा परेको असर आदिको अवस्था आवधिक रूपमा अध्ययन, अनुसन्धान र सर्भे गरी अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

(२) धूम्रपान तथा सुर्तीसेवन रहित वातावरण सिर्जना गर्ने व्यवस्था लागू भएपछि सार्वजनिक स्थलमा वायुको गुणस्तरमा पारेको प्रभावको अनुगमन समेत गर्नु पर्नेछ ।

## परिच्छेद-५

## विज्ञापन वा प्रवर्द्धन र प्रायोजन नियन्त्रण प्रभावकारी बनाउने

४०. **सुर्तीजन्य पदार्थको प्रवर्द्धन वा विज्ञापन र प्रायोजन गर्न नपाइने :** (१) उत्पादक लगायत कसैले पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा समाचारपत्र, पत्रिका, म्यागेजिन, पुस्तिका, क्यालेन्डर, पोष्टर, पाम्पलेट, पर्चा, फ्लाएर, वालचार्ट, प्रतिवेदन, टेलिभिजन तथा रेडियो (स्थलरूप र भू-उपग्रह समेत), एफ.एम., इन्टरनेट, इमेल, अनलाइन, डिभिडी, भिडियो, सिडी, कम्प्युटर, खेल, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, बिलबोर्ड, भित्तेलेखन, लोगो, संकेत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि सञ्चार माध्यम वा तरिकाबाट सुर्तीजन्य

पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको प्रवर्द्धन वा विज्ञापन र प्रायोजन हुने गरी कुनै कार्यक्रम, समारोह, क्रियाकलाप वा गतिविधि सञ्चालन पाउने छैन ।

(३) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको प्रवर्द्धन वा विज्ञापन र प्रायोजन हुने गरी कुनै पनि किसिमको आर्थिक, प्राविधिक, भौतिक र संरचनागत योगदान वा सहयोग कसैलाई उपलब्ध गराउन पाउने छैन ।

(४) उत्पादक लगायत कसैले पनि कुनै पनि सञ्चार माध्यम र अन्य तरिकाबाट सुर्तीजन्य पदार्थको प्रवर्द्धन वा विज्ञापन र प्रायोजन गर्न पाउने छैन ।

(५) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको मूल्य सहित उत्पादनको पाठ्यसूची प्रकाशन तथा प्रशारण गर्न पाउने छैन ।

(६) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको प्रवर्द्धन वा विज्ञापन र प्रायोजन हुने गरी मेल, टेलिमार्केटिङ्ग, उपभोक्ता सर्भेक्षण र अनुसन्धान गर्न पाउने छैन ।

(७) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको प्रवर्द्धन वा विज्ञापन र प्रायोजन हुने गरी शैक्षिक संस्था, मेला, समारोह, आतिथ्य स्थल, खेलकुद स्थल, सांस्कृतिक तथा सांगितिक कार्यक्रम, नृत्य र अन्य मनोरञ्जनमूलक कार्यक्रम गर्ने स्थल तथा अन्य सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थको बिक्री, आपूर्ति र प्रदर्शन गर्न पाउने छैन ।

(८) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको प्रवर्द्धन वा विज्ञापन हुने गरी सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको लेबुल र प्याकेजिङ्ग गर्न पाउने छैन ।

(९) उत्पादक लगायत कसैले पनि चुरोटको खिल्ली वा अन्य सुर्तीजन्य पदार्थको उत्पादनमा कुनै पनि प्रकारको प्रवर्द्धनात्मक सन्देश छाप्न वा विज्ञापन गर्न पाउने छैन ।

(१०) कसैले पनि कुनै पनि सञ्चार माध्यमबाट चुरोट, बिँडी, सिगार, इलेक्ट्रोनिक सिगरेट, खैनी, सुर्ती, गुट्खा, हुक्का, सिसा, ककड, चिलम, सूल्पा जस्ता सुर्तीजन्य पदार्थको प्रवर्द्धन वा विज्ञापन लगायत गर्न पाउने छैन ।

**४१. बिक्री स्थलमा प्रदर्शन गर्न नपाइने :** (१) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको बिक्री स्थलमा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने गरी प्रदर्शन र सजावट गर्न पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको बिक्री वितरण गर्ने मेसिन राखी सो मेसिन मार्फत सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी प्रदर्शन गर्न पाउने छैन ।

**४२. विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने गरी बट्टा, प्याकेट वा र्‍यापर्स तथा प्याकेजिङ्गमा लेबुल र ट्रेडमार्क प्रयोग गर्न नपाइने :** (१) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने गरी लेबुल र ट्रेडमार्क प्रयोग गर्न पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको प्याकेजिङ्ग गर्दा बट्टा, प्याकेट र र्‍यापर्सभित्र तथा बाहिर, बिँडी र चुरोटको खिल्लीमा तथा सुर्तीजन्य पदार्थको अन्य उत्पादनमा र सुर्तीजन्य पदार्थ बाहेकको उत्पादनहरूमा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने गरी लोगो, चिन्ह, शब्द, रंग, तस्विर, चित्र, चिन्ह, संकेत र छपाइ सामग्री प्रयोग गर्न पाउने छैन ।

**४३. इन्टरनेटबाट विज्ञापन वा प्रवर्द्धन र प्रायोजन गर्न नपाइने :** (१) उत्पादक लगायत कसैले पनि इन्टरनेट, वेबसाइट, फेसबुक, टुइटर, भाइबर, स्काइप जस्ता सामाजिक सञ्चारका माध्यमको प्रयोग गरी सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने कुरा र सुर्तीजन्य पदार्थको कुनै पनि तस्विर वा चित्र, मूल्यसूची आदि राख्न पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको मूल्य सहित उत्पादनको पाठ्यसूची इन्टरनेटमा राख्न पाउने छैन ।

(३) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने गरी टेलिभिजन कार्यक्रम, टेलिफिल्म, चलचित्र, तथा खेलहरूका दृश्य र श्रब्य सामग्री इन्टरनेटमा राख्न पाउने छैन ।

(४) उत्पादक लगायत कसैले इन्टरनेटमा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने गरी कनै श्रब्यदृश्य, श्रब्य र दृश्य सामग्री राखेको पाइएमा सोसियल नेटवर्किङ्ग इन्टरनेट साइट, इन्टरनेट सेवा प्रदायक र इन्टरनेट सर्च इन्जिन सञ्चालकहरूले त्यस्ता श्रब्यदृश्य, श्रव्य र दृश्य सामग्रीमा

आमनागरिकको पहुँच हटाउनु र निष्क्रिय बनाउनु पर्नेछ ।

४४. **मोबाइलबाट विज्ञापन वा प्रवर्द्धन र प्रायोजन गर्न नपाइने :** उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन हुने गरी मोबाइलबाट कूरा गर्न, सन्देश पठाउन र सुर्तीजन्य पदार्थको कुनै पनि तस्विर, लोगो, संकेत, दृश्य, आबाज, चिन्ह पठाउन पाउने छैन ।

४५. **ब्राण्ड विस्तार तथा ब्राण्ड हिस्सेदारी निषेध :** (१) उत्पादक लगायत कसैले पनि कुनै गैरसुर्तीजन्य उत्पादन वा सेवाको ब्राण्ड, नाम, चिन्ह, व्यापारिक चिन्ह, लोगो वा रंगहरूको संयोजन समेतलाई कुनै सुर्तीजन्य उत्पादनसँग आवद्ध गरी सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने गरी ब्राण्ड विस्तार तथा हिस्सेदारी गर्न पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि मनोरञ्जन स्थल, खुद्रा बिक्री कक्ष र सवारी साधन वा उपकरणमा समेत ब्राण्ड मार्किङ्ग (ब्राण्डको रंग वा रंगकों योजना, लोगो बा ट्रेडमार्कको प्रयोग) गर्न पाउने छैन ।

(३) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको ब्राण्ड नामसँग सम्बन्धित प्रतियोगिता र प्रतिस्पर्धाहरू सञ्चालन गर्न पाउने छैन ।

४६. **सञ्चार माध्यममा सुर्तीजन्य पदार्थ र सो सेवनको प्रदर्शन गर्न वा देखाउन नहुने :** (१) सञ्चार माध्यम लगायत कसैले पनि सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन हुने गरी कुनै पनि मनोरञ्जनात्मक, शैक्षिक, धार्मिक, सांस्कृतिक, समाचारमूलक लगायतका कार्यक्रम, फिल्म, समाचार, वृत्तचित्रहरू निर्माण, प्रसारण र प्रकाशन गर्न गराउन पाउने छैन ।

(२) उपदफा (१) बमोजिम सुर्तीजन्य पदार्थ प्रदर्शन गर्न, धूम्रपान तथा सुर्तीसेवन गरेको दृश्य, लोगो, चिन्ह देखाउन तथा संकेत गर्न, सुर्तीजन्य पदार्थको उद्योग वा कम्पनीको लोगो, ब्राण्ड वा ब्राण्ड इमेजको प्रदर्शन गर्न पाउने छैन ।

(४७) **सीमा वारी विज्ञापन वा प्रवर्द्धन र प्रायोजन गर्न नपाइने :** स्वदेशी तथा विदेशी उत्पादक लगायत कसैले पनि नेपालको सीमा वार इन्टरनेट, केवल नेटवर्क, टेलिभिजन, रेडियो, पत्रपत्रिका लगायत कुनै पनि सञ्चार माध्यम वा तरिकाबाट सुर्तीजन्य पदार्थको विज्ञापन, प्रवर्द्धन र प्रायोजन गर्न पाउने छैन ।

४८. **उपहार वा निःशुल्क वस्तु र नगद दिन वा लिन बन्देज :** (१) उत्पादक

लगायत कसैले पनि सुर्तीजत्य प्रदार्थको विज्ञापन वा प्रवर्द्धन र प्रायोजन हुने गरी सुर्तीजन्य पदार्थको खरिदसँगै किरिंग, टिसर्ट, बेसबल टोप, चुरोट वा यस्तै प्रकारका अन्य वस्तु वा लाइटर उपहार स्वरूप दिनु वा लिनु पाउने छैन ।

(२) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थको निःशुल्क नमुना वितरण, बजार सर्भेक्षण र स्वाद परीक्षण समेत गर्न पाउने छैन ।

(३) उत्पादक लगायत कसैले पनि पुरस्कार प्रवर्द्धन वा सुर्तीजन्य पदार्थको खरिदसँग दिइएका फिर्ता गर्न सकिने कुपनहरू वितरण गर्ने रोयल्टी योजना लागू गर्न गराउन पाउने छैन ।

(४) सुर्तीजन्य पदार्थ जस्तै देखिने वस्तु बिक्री र आपूर्ति गर्न र बिक्रेतालाई प्रोत्साहन र नगद पुरस्कार दिन पाउने छैन ।

(५) उत्पादक लगायत कसैले पनि सुर्तीजन्य पदार्थ राख्ने खाली बट्टा, दराज, र्‍याक जस्ता सामग्री वितरण गर्न पाउने छैन र बिक्रेताले यस्ता सामग्रीहरू स्वीकार गर्नु हुँदैन ।

४९. **विविध :** यस निर्देशिका विपरीत कसैले कुनै कार्य गरेमा ऐन तथा अन्य प्रचलित कानून बमोजिम निरीक्षकले आवश्यक कारबाही गर्नु पर्नेछ ।

५०. **संशोधन :** (१) मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका उपर संशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको संशोधन मन्त्रालयले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

## अनुसूची-१

(दफा ११ को उपदफा १ सँग सम्बन्धित उजुरीको ढाँचा)

...................................... मा पेश गरेको उजुरी

विषय :

उजुरवालाको पुरा नाम, थर :

ठेगाना :

टेलिफोन :

मोबाईल नं. :

विरुद्ध

ऐन नियम विपरीत कार्य गर्ने व्यक्ति, व्यवस्थापक, उत्पादक, वितरक वा विज्ञापन वा प्रायोजन गर्ने व्यक्ति वा संस्थाको

नाम, थर :

ठेगाना :

१. उजुरीको व्यहोरा : (आरोपित व्यक्तिबाट भएको काम कारबाहीको विवरण)

२. अन्य विवरण : (सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन कार्यमा परेको प्रतिकुल प्रभाव)

३. सवुद प्रमाण : (उजुरीलाई पुष्ट्याइ हुने खालको)

उजुरवालाको सही :

मिति :

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा १७ सँग सम्बन्धित



# धूम्रपान तथा सुर्तीसेवन

# निषेधित क्षेत्र

सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ अनुसार यस स्थलको हाताभित्र धूम्रपान वा सुर्ती सेवन गरेमा निजलाई यस स्थलबाट बाहिर निकालिने वा १०० रुपैयाँ जरिवाना वा दुवै सजाय हुनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र